“पुरुषलाई पछि पार्ने होईन हाम्रो चाहना,
नारीपुरुष समविकास हाम्रो कामना”



# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन


**सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत**

**केन्द्रिय कार्यालय** : वीरेन्द्रनगर-८ आवास क्षेत्र, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

०८३-५२२४३७

info@wam.org.np/wam.skt@gmail.com

www.wam.org.np

'पुरुषलाई पछि पार्ने होईन हाम्रो चाहना,
नारीपुरुष समविकास हाम्रो कामना'

# सिमान्तकृत महिलाहरूका लागि महिला संस्था (वाम) सुर्खेत

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/०८२

**आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति तथा आर्थिक प्रतिवेदन**
**आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम**

**वार्षिक प्रगति प्रतिवेदन तयारी समिति**

**सल्लाहकार**
श्री देवी पौडेल,अध्यक्ष

संयोजक : श्री अमृता कुमारी आचार्य, महासचिव
सदस्य : श्री मधुरानी ढकाल, कार्यकारी निर्देशक
सदस्य : श्री हिक्मत बहादुर नेपाली, परियोजना संयोजक

# प्रकाशक

**सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत**
वीरेन्द्रनगर नगरपालिका-८ आवास क्षेत्र सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**०८३-५२२४३७**
info@wam.org.np/wam.skt@gmail.com
www.wam.org.np

**सर्वाधिकार © :** सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत
**प्रकाशन मिति :** २०८२ कात्तिक
**प्रकाशन प्रति :** १००

**मुद्रण :** **नवदुर्गा प्रिन्टिङ्ग प्रेस प्रा.लि.**
**वीरेन्द्रनगर, सुर्खेत**
**फोन** : **०८३५२०४२७**
**इमेल** : nawadurga.skt@gmail.com

# कार्यसमिति



देवी पौडेल, अध्यक्ष



मधुरानी ढकाल
कार्यकारी निर्देशक



मञ्जुराना क्षेत्री
उपाध्यक्ष



अमृता आचार्य
महासचिव



यामकुमारी लामिछाने
सचिव



माया नेपाली
कोषाध्यक्ष



रुमा थापा
सदस्य



रिता गैरे
सदस्य



दिपारानी पंगाली
सदस्य



प्रतिमा सुवेदी
सदस्य

# मन्तव्य



**देवी पौडेल**
**अध्यक्ष**

सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) समाज जागरण केन्द्र स्याक नेपालको प्रेरणा र सहयोगबाट २०५४ माघ २ गते स्थापना भएको मुनाफारहित गैरसरकारी संस्था हो । समाजमा भएका विकृति, विसंगति, कुरीती, कुसंस्कार, रुढिवादी परम्परा, अन्धविश्वास, महिला माथि हुने हिंसा, लैङ्गिक तथा सामाजिक विभेद न्यूनिकरण गरि सामाजिक, आर्थिक एवं मानविय दृष्टिकोणले पछाडि पारिएका महिलाहरुलाई विभिन्न सिपमुलक, आयमुलक तथा चेतनामुलक क्रियाकलापहरुको माध्यमबाट सवल एवं सक्षम बनाउन संस्था स्थापना गरिएको हो । महिला तथा बालबालिकाहरुलाई एकिकृत गरि उनीहरुको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन, महिला र पुरुषबिच भएका असमानतालाई पुर्न र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहितको स्वस्थ्य, सुन्दर, स्वावलम्बी र स्वाभिमानि लैङ्गिक समतामुलक समाजको निर्माण गर्ने संस्थाको परिकल्पना रहेको छ ।

'पुरुषलाइ पछि पार्ने होइन हाम्रो कामना, नारी पुरुष समविकास हाम्रो चाहाना'भन्ने मूल नाराका साथ यस संस्थाले महिला, बालबालिका, युवा तथा किशोर किशोरीहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनीतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले स्थापनाकालदेखि नै शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, उद्यम, सिमान्तकृत वर्गको अधिकार, मानव अधिकार, विपद् व्यवस्थापन, जनवकालत, मनोसामाजिक सहयोग तथा परामर्श लगाएतकाजस्ता क्षेत्रमा कार्यहरु गरिरहेको छ ।

नयाँ संविधान निर्माणपछि राज्यका हरेक संरचनामा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित हुनु हामी नेपाली महिलाहरुको वर्षौंदेखिको क्रियाशिलता र आन्दोलनको उपज हो । जसलाई हामीले ठूलो उपलब्धी ठानेका छौं । यसले महिलाहरुको स्वाभिमानप्रति ठूलो महत्व राख्दछ । राज्यका हरेक निकायमा अहिले महिलाको अर्थपूर्ण सहभागिता भएको छ । यसप्रति आम नेपाली महिलाले गर्व गर्नुपर्ने अवस्था छ । अझ थप अधिकार र सहभागिताका लागि राज्यसामू दबाब दिनुपर्ने अवस्था पनि छ । त्यसैले संस्थामार्फत महिला, बालबालिका, किशोरकिशोरी, युवा, दलित, जनजाति र पछाडि पारिएका महिलाहरुको अधिकार प्रत्याभूति गर्ने गराउने उद्देश्यले कार्यक्रमहरु सञ्चालन गर्दै आएका छौं ।

यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार दातृ निकायहरुको सहयोग, सहकार्य र समन्वयमा पछाडि पारिएका समुदायहरुमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ । संस्थाले राखेको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरुको सहयोगमा सुर्खेत जिल्ला भित्रका सबै जसो स्थानीय तहहरुमा कार्य गरेको अनुभव संगालेको छ । सुर्खेतसहित कर्णाली प्रदेशको दैलेख जिल्लामा र सुदुरपश्चिम प्रदेशको बैतडी

जिल्लामा कार्यक्रम कार्यान्वयन गर्दै आइरहेको छ। आज यस संस्थाको २८औँ वार्षिक साधारण सभा मनाइरहँदा हामी गौरवान्वित भएका छौ। !

अन्त्यमा यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, दातृ निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, संस्थाका सञ्चालक समिति, आजीवन तथा मानार्थ सदस्य, साधारण सदस्य, कर्मचारी र लाभान्वित समुदायका महानुभावहरुलाई संस्थाको तर्फबाट हार्दिक धन्यवाद र निरन्तर सहयोगको अपेक्षा राख्दछु।

धन्यवाद ॥

# कार्यकारी निर्देशकको मन्तव्य



सिमान्तकृत शव्दले आफैमा एउटा महत्वपूर्ण वर्गको प्रतिनिधित्व गर्छ । सीमान्तकृत महिलाहरुका लाागि महिला संस्था (वाम) ले २०५४ सालदेखि सोहि वर्गको उत्थान र विकासका लागि महत्वपूर्ण योगदान गरेको छ । सीमान्तकृत वर्ग र समुदायलाई विकास तथा नेतृत्वको मूलधारमा ल्याउन यस संस्थाले अहोरात्र प्रयासहरु गरेको छ। फलस्वरुप आज तुलनात्मक रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने क्षमता र आत्मनिर्भर हुनेतर्फ पछाडि पारिएको सीमान्तकृत वर्ग लागि परेको छ।

यस संस्थाले महिला सशक्तिकरणका साथै युवालाई समेत सशक्त बनाउने र नेतृत्वमा ल्याउन विभिन्न जनचेतनामुलक, क्षमता विकास र जीविकोपार्जनसँग सम्बन्धीत कार्यक्रमहरु कर्णाली र सुदुरपश्चिम प्रदेशमा सञ्चालन गर्दै आईरहेको छ। सीमान्तकृत समुदाय, युवा र महिलाहरुको उत्थान बिना समतामुलक समाजको परिकल्पना गर्न सकिदैन्। सीमान्तकृत वर्गमध्ये पनि महिलाको अवस्था दयनिय रहेको छ। आज अधिकार प्राप्तीको अवस्थालाई नियालेर हेर्दा विगत भन्दा केहि बढेको छ। तर, हिंसा पीडितको पहुँच आज पनि जहाँको त्यँहि छ। राज्यका निकायसम्म उनीहरुको सहज पहुँच पुग्न सकेको अवस्था छैन्।

यस संस्थाले दिगो विकासका लक्ष प्राप्तीमा केहि हदसम्म सहयोग पुऱ्याउन सफल भएको छ। हामी सबैको साझा प्रयासले मात्र न्यायपूर्ण समाज निमार्ण सम्भव छ। सामुदायिक सुरक्षा जालो निर्माणबाट पनि त्यस्ता वर्गलाई न्याय दिलाउन सहयोग गर्दै आएको छ। युवाहरुलाई स्वदेशमै उद्यम वा भनौ व्यवसाय सञ्चालनका लागि संस्थाबाट अनुदान सहयोग प्रदान गर्दै आईरहेका छौं। यस कार्यमा सफलता दिलाउन हाम्रा साझेदार संस्था अक्सफाम नेपाल, नागरिक आवाज, बियोण्ड बेइजिङ कमिटि, संघीय, प्रदेश र स्थानीय सरकार, सरोकारवाला निकायहरु, अहोरात्र खट्ने कर्मचारी साथीहरु, कार्यसमितिलाई यस अवसरमा धन्यवाद दिन चाहान्छु। संस्थाको २८औं वार्षिक साधारण सभाको यस अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।।

**मधुरानी ढकाल**
**कार्यकारी निर्देशक/संस्थापक अध्यक्ष**

# विषय सुची

**भाग-१**

१. **वाम सुर्खेतको संक्षिप्त परिचय** १-७

**भाग-२**

२. **आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन** ८-२२

**संस्था द्वारा साझेदारीमा संचालित परियोजनाहरूको प्रगति विवरण**

२.१.१ Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal

२.१.२ सामुदायिक सुरक्षा जालो Community Safty Net (CSN)

२.१.३ (पीफ) परियोजना Partners' Investment Fund (PIF)

**भाग-३**

३. **आर्थिक वर्ष २०८१/०८२ को आर्थिक प्रतिवेदन** २३-२९

**भाग-४**

४. **सफलथाको कथाहरू** ३०-३६

- आफ्नो व्यवसायमा रमाएका प्रेम बहादुर
- कुखुरा व्यवसायमा रमाएकी जयन्ती
- आफ्नो व्यवसायमा सक्रिय उद्यमीहरु

**भाग-५**

५. **तस्बिरहरू** ३७-४०

६. **टिप्पणी र सुझावहरू**

## भाग-१
# वाम सुर्खेतको संक्षिप्त परिचय

## १. सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेतको परिचय :-

सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) समाजमा भएका विकृति, विसंगति, कुरीति, कुसंस्कार, रुढिवादी परम्परा, अन्धविश्वास, महिला माथि हुने हिंसा, लैङ्गिक तथा सामाजिक विभेद न्यूनीकरण गरि सामाजिक, आर्थिक एवं मानवीय दृष्टिकोणले पछाडि पारिएका महिलाहरुलाई विभिन्न सिपमुलक, आयमुलक तथा चेतनामुलक क्रियाकलापहरुको माध्यमबाट सवल एवं सक्षम बनाउन, महिला तथा बालबालिकाहरुलाई एकिकृत गर्दै उनीहरुको वौद्धिक तथा व्यक्तित्व विकासमा सहयोग पुऱ्याउन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण गरि एउटा स्वस्थ्य, सुन्दर, स्वावलम्बी र स्वाभिमानी लैंगिक समतामुलक समाजको निर्माण गर्ने परिकल्पना लिई २०५४ सालमा स्थापना भएको हो ।

**"पुरुषलाई पछि पर्ने होईन हाम्रो चाहना, नारी पुरुष समविकास हाम्रो कामना"** भन्ने मूल नाराका साथ यस संस्थाले महिला, बालबालिका, युवा तथा किशोर किशोरीहरुको सामाजिक, आर्थिक, शैक्षिक, स्वास्थ्य र राजनैतिक जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले हालसम्म शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, सिमान्तकृत वर्गको अधिकार,मानव अधिकार, विपद व्यवस्थापन, जनवकालत, मनोविमर्श जस्ता क्षेत्रमा कार्यहरु गरिसकेको अनुभव संगालेको छ । यस संस्थाले नेपाल सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृसंस्था, विभिन्न संजाल एवं सहयोग, सहकार्य र समन्वयमा विभिन्न पछाडि पारिएका समुदायहरुमा कार्यक्रमहरु कार्यान्वयन गरिरहेको छ ।

संस्थाले राखेको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य पुरा गर्नका लागि विभिन्न साझेदार संस्थाहरुको सहयोगमा संस्थाले कर्णाली प्रदेशमा कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन गर्दै आईरहेको छ ।

### संस्थाको कानूनी वैधता

**संस्थाको नाम** : सिमान्तकृत महिलाहरुको लागि महिला संस्था (वाम)

**दर्ता गर्ने निकाय** : जिल्ला प्रशासन कार्यालय, सुर्खेत

**संस्था दर्ता मिति** : २०५४ साल माघ २ गते

**संस्था दर्ता नम्बर** : १२४

**समाज कल्याण परिषदमा आवद्धता नं.** : ६७०५

**दर्ता मिति** : २०५४ माघ १२ गते

**स्थायी लेखा नं.**: ३०१६५६२९६

## परिकल्पना (Vision)

समतामुलक समाजको निमार्ण गर्ने ।

## संस्थाको ध्येय (Mission)

उपलब्ध श्रोत साधनको प्रयोगद्धारा विभिन्न कार्यक्रमहरु मार्फत लैङ्गिक, समतामुलक समाजको निमार्ण गर्ने ।

## लक्ष्य (Goal)

आर्थिक, सामाजिक, राजनीतिक एवं मानवीय दृष्टिकोणले पिछडिएको समुदायलाई लैङ्गिक समानताको माध्यमबाट सवल एवं सक्षम बनाउने ।

### मूल्य मान्यता

१. लैङ्गिक समानता
२. दिगो विकास
३. मानव संसाधन विकास
४. मानव अधिकार
५. शान्ति र एकता
६. भेदभाव रहित व्यवहार
७. स्वाबलम्बीपन
८. सशक्तिकरण
९. दबाब र शोषणको अन्त्य
१०. समान सहभागिता

### संस्थाको मुख्य उद्देश्यहरु

- महिला सशक्तिकरणका लागि सेवामूलक र सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- महिला हिंसा उन्मूलनका लागि सक्रिय सहभागितामूलक भूमिका निर्वाह गर्ने ।
- नीति निर्माण तहमा महिलालाई प्रोत्साहन गर्ने ।
- महिला तथा बालबालिकाको हक अधिकारका लागि कार्यक्रम सञ्चालन गर्ने ।
- महिलाहरुको स्वास्थ्य अवस्था सुधार्न स्वास्थ्य, सरसफाइ र खानेपानी आपूर्ति कार्यक्रम सञ्चालन गर्ने ।
- वातावरण संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।

- सहयोग र अधिकारमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।
- द्वन्द्व व्यवस्थापन, शान्ति निर्माण, प्राकृतिक प्रकोप सहयोग, हिंसा उन्मूलन कार्यक्रम आदि सञ्चालन गर्ने ।
- आयआर्जन, कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गर्ने, महिलाको सामाजिक-आर्थिक अवस्था सुधार गर्ने आदि ।

## संस्थाको लैंगिक दृष्टिकोण

- विभिन्न प्रकारका निर्णयात्मक पदमा महिलाहरु स्वनिर्भर रुपमा विभिन्न निकायहरुमा आवद्ध गर्ने ।
- महिलाहरुले पुरुष सरह शैक्षिक, राजनीतिक, सामाजिक रुपमा समान अवसर पाउनुपर्ने ।
- समान अधिकार र समान अवसरका लागि महिला पुरुषलाई समान कार्य गरिनुपर्ने ।
- सम्पत्तिमा समान अधिकार हुनुपर्दछ ।
- महिला माथि क्रुर, दमन र हिंसा आदि रोकिनुपर्दछ ।
- पितृसत्ताको अन्त्यको साथै समावेशी सत्ता कायम हुनुपर्ने ।

## लक्षित वर्ग

महिला (दलित, जनजाति, अपांगता भएका, एकल महिला) बालबालिका, द्धन्द्धपिडित, युवा तथा किशोर किशोरी, एचआईभी संक्रमित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अति विपन्न, सीमान्तकृत वर्ग ।

## कार्यक्षेत्र

कर्णाली प्रदेश : दैलेख, सुर्खेत

सुदुरपश्चिम प्रदेश : बैतडी

## विषयगत कार्यक्षेत्र

- शिक्षा/स्वास्थ्य
- सशक्तिकरण
- नेतृत्व विकास
- विपद् व्यवस्थापन
- मनोविमर्श, कानुनी सहायता
- शान्ति प्रवर्द्धन तथा द्वन्द व्यवस्थापन
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण
- मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ

## संस्थागत आवद्धता

- जिल्ला प्रशासन कार्यालय,वीरेन्द्रनगर ,सुर्खेत
- समाज कल्याण परिषद, काठमाडौं

## सञ्जालमा आवद्धता

- गैरसरकारी संस्था महासंघ, सुर्खेत
- जेण्डर एलायन्स सुर्खेत/काठमाडौं
- महिला मानवअधिकार रक्षक सञ्जाल
- शान्तिका लागि सहकार्य
- स्वास्थ्य अधिकार तथा सुर्तिजन्य जिल्ला सञ्जाल
- शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिई नेपाल)
- संकल्प
- जिल्ला विपद् व्यवस्थापन समिति
- जिल्ला खाद्य अधिकार सञ्जाल
- महिला तथा बालबालिका अधिकार सञ्जाल
- वियोण्ड बेइजिङ कमिटी (कर्णाली प्रदेश संयोजक)
- मानव अधिकार रक्षक सञ्जाल
- बाल अधिकारका लागि साझा अभियान
- मानव बेचबिखन प्रभावितहरूको राष्ट्रिय महासंघ

## सामुदायिक विकासप्रतिको सोच

- सामाजिक विकास
- आर्थिक विकास
- शैक्षिक विकास
- नेतृत्व सीप विकास
- सांस्कृतिक विकास
- राजनीतिक विकास
- भौतिक विकास
- स्वास्थ्य समाजको विकास अधिकार सम्पन्न र कर्तव्यनिष्ठ समाज

**संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्यलाई पुरा गर्न तय गरेको कार्यनीति**

-संस्थाले महिलाविरुद्ध हिंसालाई न्यूनीकरण गर्ने अभियानमा अन्य संघ संस्था तथा समुदाय र सरोकारवालाहरुको समन्वय तथा सहयोगबाट विभिन्न घटनाहरुमा पैरवी तथा दबावमुलक कार्यक्र(महरु सञ्चालन गर्ने ।

- समुदाय तहमा घटित घटनाहरुमा समुदायलाई जिम्मेवारी बोध गराई घटना घटन नदिन चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
- बालविबाह न्यूनिकरणका अभियानमा अभिभावक र समुदायलाई अग्रसर गराउने ।
- समुहको माध्यमबाट समुदायमा **Reflect Module** बाट समस्या पहिचान र उपायहरु आफै पत्ता लगाउन र पैरवी गर्न चेतना अभिवृद्धि गर्ने ।
- स्थानीय रुपमा महिला सशक्तिकरणका लागि स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुको नीतिका बारेमा जानकारी गराई समुदायलाई आफै जागरुक गराउने ।
- यस संस्थाको वार्षिक सामाजिक लेखापरिक्षणमार्फत संस्थालाई पारदर्शी र जवाफदेही रुपमा प्रस्तुत गराउने ।
- जिल्ला तथा राष्ट्रियस्तरका सञ्जालहरुमा सहभागी भई समूहहरुमा दवाबमुलक अभियान सञ्चालन गर्न ।

**संस्थामा भएका नीति, नियम तथा निर्देशिकाहरु**

- संस्थाको विद्यान
- रणनीतिक योजना **(2024-2028)**
- विपद् व्यवस्थापन पूर्वतयारी योजना **(DPP)**
- आर्थिक व्यवस्थापन नीति **(Financial Management Policy)**
- मानव संशाधन व्यवस्थापन नीति **(HR Management Policy)**
- खरिद नीति **(Procurement Policy)**
- लैङ्गिक समानता, विविधता तथा सामाजिक समावेशीकरण नीति **(GEDSI policy)**
- सुरक्षा नीति **(Safeguarding Policy)**
- पैरवी नीति **(Advocacy Policy)**
- लागत बाँडफाँड तथा साझेदारी नीति **(Cost sharing and partnership policy**
- **Good governance and anti-fraud policy)**
- लैङ्गिक हिंसा पीडित, प्रभावितलाई सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशीका
- अनुगमन तथा मुल्यांकन नीति **(Monitoring and evaluation policy)**
- यौनजन्य शोषण तथा दुर्व्यवहार विरुद्धको नीति

● **MEALD Guideline**

● सञ्चार नीति

### संस्थाको कार्य समितिको बनोट

कार्यसमिति संस्थाको कार्यकारी अंग हो । सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेतको संस्थागत विकास, संस्थागत व्यवस्थापन, संस्थाले तय गरेको कार्यक्रम तथा संस्थाद्धारा सञ्चालित परियोजना र कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन, सञ्चालन र व्यवस्थापनका लागि संस्थाको विधानको परिच्छेद ४ को दफा १३ अनुसार ९ जनाको कार्य समिति रहने व्यवस्था गरिएको छ । उक्त कार्य समितिको चयन विधानमा उल्लेख भए बमोजिम प्रत्येक ३ बर्षमा हुने साधारण सभा तथा अधिवेशनबाट निर्वाचन तथा सर्वसम्मत विधिबाट चयन गर्ने गरिएको छ । यसरी कार्य समिति चयन हुने प्रक्रियाअनुसार वि.स. २०७९ मा सम्पन्न २५औं साधारण सभा तथा अधिवेशनबाट अध्यक्ष सहित ९ जनाको कार्य समिति चयन भएको छ । ९ जना कार्यसमितिको विवरण तालिकामा देखाइए अनुसार रहेको छ ।

**तालिका नं. १ : संस्थाको कार्य समिति पदाधिकारीहरुको विवरण**

| पदाधिकारीको नाम | पद | ठेगाना |
|---|---|---|
| देवी पौडेल | अध्यक्ष | वीरेन्द्रनगर-८ सुर्खेत |
| मञ्जुराना क्षेत्री | उपाध्यक्ष | वीरेन्द्रनगर-७ सुर्खेत |
| अमृता कुमारी आचार्य | महासचिव | वीरेन्द्रनगर-७ सुर्खेत |
| यामकुमारी लामिछाने | सचिव | वीरेन्द्रनगर-१२ सुर्खेत |
| माया नेपाली | कोषाध्यक्ष | वीरेन्द्रनगर-८ सुर्खेत |
| रुमा थापा | सदस्य | वीरेन्द्रनगर-१२ सुर्खेत |
| दिपारानी पंगाली | सदस्य | वीरेन्द्रनगर-११ सुर्खेत |
| प्रतिमा सुवेदी | सदस्य | वीरेन्द्रनगर-१२ सुर्खेत |
| रिता गैरे | सदस्य | वीरेन्द्रनगर-७ सुर्खेत |

२.१९ **संस्थामा कार्यरत कर्मचारीहरुको विवरण :**

| सि.न. | कर्मचारीको नाम | पद | कार्यक्षेत्र | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | मधुरानी ढकाल | कार्यकारी निर्देशक | सुर्खेत | ९८४८१६३७०० |
| २ | पिंकी गिरी | परियोजना संयोजक | सुर्खेत | ९८४८०६८४३५ |
| ३ | हिक्मतबहादुर नेपाली | सञ्चार तथा अभिलेखीकरण अधिकृत | सुर्खेत | ९८५८०३२८३३ |
| ४ | विजयकुमार चन्द | प्रशासन तथा बित्त अधिकृत | सुर्खेत | ९८४८०२८९२४ |
| ५ | जयराम बि.क. | फिल्ड अधिकृत | बैतडी | ९८४८७३५२३९ |
| ६ | चुडामणी रिजाल | जेसी अधिकृत | दैलेख | ९८४८१५९७९९ |
| ७ | उमा भट्टराई | मनोसामाजिक परामर्शकर्ता | सुर्खेत | ९८६८००२४७७ |
| ८ | प्रेम प्रकाश खत्री | अनुगमन तथा मुल्यांकन सहायक | सुर्खेत | ९८६८२२८९२३ |
| ९ | जस्मिन भट्ट | लेखा सहायक | सुर्खेत | ९८६-०००४०२९ |
| १० | पार्वती भुल | युवा सहजकर्ता | बैतडी | ९८४८७४६१५२ |
| ११ | सिता सिंह | युवा सहजकर्ता | दैलेख | ९८६९४४२२६१ |
| १२ | सुनिता थापा | उद्यम विकास सहजकर्ता | दैलेख | |
| १३ | मिना रेग्मी | उद्यम विकास सहजकर्ता | दैलेख | |
| १४ | सन्तोषदत्त भट्ट | उद्यम विकास सहजकर्ता | बैतडी | |
| १५ | लिला भट्ट | उद्यम विकास सहजकर्ता | बैतडी | |
| १६ | मानकुमारी ढकाल | कार्यालय सहयोगी | सुर्खेत | ९८४८०३२१५० |

भाग–२

# आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन

**यस सभाका सभाध्यक्षज्यू,**
**प्रमुख अतिथिज्यू,**
**मञ्चमा आसिन सम्पूर्ण अतिथिज्यूहरू,**
कार्यसमिति, लेखा समिति तथा विभिन्न उपसमितिका पदाधिकारी तथा संस्थाका सदस्य ज्यूहरु, उपस्थित सम्पूर्ण महानुभावहरु तथा कर्मचारी ज्यूहरु ! यस संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट न्यानो अभिवादन ।

यस संस्थाले समतामुलक समाजको निर्माण गर्ने परिकल्पना लिएर उपलब्ध श्रोत साधनको अधिकतम प्रयोगद्धारा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। विगत २८ वर्षदेखि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका क्रियाकलाप सञ्चालन गर्दै आफ्नो लक्ष्य उद्देश्य अनुसार सेवा सुविधाबाट पछाडि पारिएका सीमान्तकृत महिला बालबालिका किशोरकिशोरहरुसँग रहेको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउन वातावरण सिर्जना गर्दै आएको छ। यस संस्थाले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सहयोग, समन्वय र सहकार्यमा विभिन्न चेतनामुलक तथा अधिकारमुलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ।

सीमान्तकृत वर्गका लागि आवाज उठाउँदै आइरहेको यस संस्थाको २८औ वार्षिक साधारणसभा आज सम्पन्न गर्न गईरहेको यस अवसरमा हामी गौरवान्वित भएका छौ । संस्थागतरुपमा लामो समयको अनुभव प्राप्त गरिसकेको संस्थाले पछाडि पारिएका वर्गहरूको आवाजलाई सरोकारवालाहरुसम्म पुऱ्याउन विभिन्न क्रियाकलापहरु गर्दै आइरहेको छ । महिलाहरूको विभिन्न क्षेत्रको सहभागिता लगायत राजनीतिमा महिला सहभागितालाई महत्वपूर्ण ठान्दै वर्तमान परिवेशमा संघीयतामा समेत महिलाहरूलाई राजनीतिक क्षेत्रमा अग्रसर गराउन विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ। विभिन्न क्षेत्रमा पछाडि परेका महिलाहरुका लागि आर्थिक, सामाजिक राजनीतिक तथा स्वास्थ्य क्षेत्रमा महिलाहरुको अवस्थालाइ समेत सुधार ल्याउन विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेको छ।

यस संस्थालाई यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सरोकारवाला सरकारी तथा गैरसरकारी निकाय, दातृ निकाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मी, संस्थाका सञ्चालक समिति, आजीवन तथा मानार्थ सदस्य, साधारण सदस्य, कर्मचारी र लाभान्वित समुदायका महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै अब म आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न गइरहेको छु।

२ संस्था द्धारा साभेदारीमा संचालित परियोजनाहरूको प्रगति विवरण

## २.१.१ Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal

| परियोजना/ कार्यक्रमको नाम | आर्थिक सहयोग | कार्यक्षेत्र | अवधी | लक्षित समुह/वर्ग |
|---|---|---|---|---|
| Youth led GESI initiatives for COVID recovery strategies and action in Nepal | युरोपियन युनियन र अक्सफाम | **कर्णाली प्रदेश,** दैलेख :-डुङ्गेश्वर र भगवतीमाई गाउँपालिका **सुदुरपश्चिम प्रदेश** बैतडी :-दशरथचन्द नगरपालिका र पाटन नगरपालिका | अप्रिल २०२२ देखि नोभेम्बर २०२४ सम्म (२०७८ चैत्रदेखि २०८१ कात्तिक) | १६ देखि ३० वर्ष उमेर समुह/ सीमान्तकृत युवा |

**बजेट**

| पहिलो वर्ष बजेट | दोस्रो र तेस्रो वर्षको बजेट |
|---|---|
| ७३,२२,७०६ | २,७७,७४,५५३ |

**परियोजनाको मुख्य उद्देश्य :**

नेपालमा कोभिड- १९ पश्चातूको पुर्नस्थापनाका लागि युवाहरूको नेतृत्वमा लैङ्गिक समानता र विकास प्रक्रियाहरूमा समावेशीकरण प्रवर्द्धन गर्ने। (To promote youth-led gender equality and inclusion in development processes in the post-COVID recovery of Nepal)

**आउटपुटहरू**

**आउटपुट ३:** सेवा प्रदायकहरू प्रहरी, अदालत, सेफहाउस, मनोसामाजिक सलूलाहकारहरू र स्थानीय सरकारको क्षमता निर्माण गर्दै GBV केन्द्रित र युवा मैत्री सेवाहरू प्रदान गर्ने।

**आउटपुट ४:** पालिका स्तरको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण नीति बनाउनको लागि सहयोग गर्ने।

**आउटपुट ५:** दिगो व्यवसायको विकास गर्न युवाहरूमाभ्फ वित्तीय क्षमतालाई बलियो बनाउने।

**आउटपुट ६:** प्राविधिक र वित्तीय अवसरहरूमा युवा र महिलाको पहुँच सुधार गर्न स्थानीय सरकार, वित्तीय संस्था र सहकारीहरू संग सम्पर्क समन्वय र सम्बन्ध बिस्तार गर्ने चेतना बृद्धि गर्ने।

**परियोजना अन्तरगत २०२२ देखि २०२४ नोभेम्बररसम्म सम्पन्न क्रियाकलाप**

| क्र.स. | क्रियाकलाप | लक्ष्य | उपलब्धी | सहभागी |
|---|---|---|---|---|
| १ | इन्सेप्सन कार्यशाला र पालीका स्तरीय परियोजना सल्लाहकार समिती सङ्ग बैठक | ८ | ८ | १९० जना |
| २ | मुख्य केस व्यवस्थापनका लागि अत्यावश्यक सेवा प्याकेज, SRHR सेवाहरू र युवा मैत्री सेवाहरूको स्थापनामा कर्तव्य वाहकहरू, सेवा प्रदायकहरूसँग लबिङ बैठक र कार्यशाला र सम्मेलन | ८ | १० | १४० जना |
| ३ | सेवा प्रदायकहरुका लागि लैगिंक हिंसा पीडित र युवामैत्री विषेश प्याकेज सहित क्षमता अभिवृद्धि तालिम | २ | २ | ५८ जना |
| ४ | सर्भिस म्यापिङ्ग र रेफरल मार्ग स्थापना कार्यशाला | २ | २ | ८२ जना |
| ५ | लैगिंक हिंसा पीडितहरुलाई कानुनी उपचार मा सहयोग | ३७ | २४ | २४ जना |
| ६ | लैङ्गिक हिंसा केस व्यवस्थापन गर्न, सेवा प्रदायकहरुको लागी आचार संहिता कार्यशाला | ४ | ४ | ११८ जना |
| ७ | दिवसीय कार्यक्रहरु | २० | १४ | १२२४ जना |
| ८ | स्वास्थ्य संस्थामा युवा तथा किशोर किशोरीमैत्री कर्नर स्थापना र थप अपाङ्गमैत्री र महिलामैत्री संरचना तथा सामाग्री सहयोग | ४ | ४ | २०२४ नोभेम्बरसम्म ८५ बढिले सेवा लिएको |
| ९ | लैंगिक हिंसा पीडितहरुका लागि यौन तथा लैंगिक हिंसा, कानुनी प्रक्रिया र यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धी तालिम | २ | २ | ५२ जना |
| १० | जेसी नीति तथा कार्यविधि निर्माण कार्यशाला | ४ | ४ | १४४ जना |

| | | | | |
|---|---|---|---|---|
| ११ | युवा विशेष गरी सीमान्तकृत समूह, महिला, अपाङ्गता भएका र लैंगिक अल्पसंख्यक आदिका लागि वित्तीय साक्षरता अभिमुखीकरण | ३० | ३० | ९०७ जना |
| १२ | वित्तीय साक्षरता सम्बन्धी ToT | २ | २ | ३१ जना |
| १३ | व्यावसायिक तालिम | २ | २ | ५८ जना |
| १४ | युवाहरुलाइ कोचिङ्ग, मेन्टरिङ्ग र करियर काउन्सेलिङ्ग तालिम | २ | २ | ५६ जना |
| १५ | युवा उद्यमीहरुलाई ३ दिने उद्यमशिलता सीप विकास तालीम | २ | २ | ३६ जना |
| १६ | युवाहरुलाइ व्यावसाय सुरु गर्न तेस्रो पक्षिय आर्थिक सहयोग | १० (व्यवसाय) | ३१ (व्यवसाय) | ६४ जना |
| १७ | युवा विशेष गरी सीमान्तकृत समूह, महिला, अपांगता भएका व्यक्ति र लैङ्गिक अल्पसंख्यक आदिका लागि डिजिटल वित्तीय साक्षरता अभिमुखीकरण | ४ | ४ | १०० जना |
| १८ | नगरपालिका (गाउँको विकास संयन्त्र, नगर पालिका योजना), स्थानीय वित्तीय संस्था, सहकारी, युवा किशोरकिशोरीसँग FNCCI, संसाधन र प्राविधिक सहयोगका लागि युवाहरू बीच लबिङ र सहजीकरण | १० | ८ | १२० जना |
| १९ | स्थानीय सहकारी र बैंक, बीमा समुह र सरकार जस्ता वित्तीय संस्थाहरुसँग कार्यशाला र अन्तरक्रिया बैठक | ४ | ५ | १४५ जना |
| २० | व्यावसायीहरुका लागि अवलोकन भ्रमण | १ | १ | २७ जना |

**बजेट खर्चको अवस्था**

| **पहिलो वर्ष बजेट** | **दोस्रो र तेस्रो वर्षको बजेट** |
|---|---|
| ७३,२२,७०६ | २,७७,७४,५५३ |

**मुख्य उपलब्धी**

१) दैलेख र बैतडीमा ४ वटा युवा तथा किशोर किशोरीमैत्री परामर्श सेवाका लागि स्थापना भएको हेल्थ कर्नरमा अपाङ्गमैत्री र महिलामैत्री बनाउन आवश्यक सामाग्री सहयोग र संरचना निर्माण पश्चात सेवा प्रवाह र सेवा प्राप्ती सहज भएको छ।

२) हेल्थ कर्नर बाट ९० भन्दा बढी युवा, किशोरकिशोरीहरुले आफ्नो समुदायमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार र मनोसामाजिक परामर्श सेवाहरु प्राप्त गरेका छन् ।

३) बैतडी र दैलेख दुबै जिल्लाका ३१ जना युवाले तेस्रो पक्षिय बित्तीय सहयोग **(FSTP)** अन्तर्गत सक्रिय रुपमा व्यवसाय संचालन गरि नियमित आम्दानी गरिरहेका छन् ।

४) बित्तिय साक्षरता कक्षाका १०१ जना भन्दा बढि सदस्यहरुले आफ्नै लगानीमा व्यवसाय सञ्चालन गर्न थालेका छन् ।

५) बित्तिय साक्षरता कक्षाका सदस्यहरुको सार्वजनिक कार्यक्रमहरुमा बोल्न सक्ने, निर्णय लिने र नेतृत्व गर्ने क्षमतामा बृद्धि भएको छ।

६) बित्तिय साक्षरता कक्षाका सहभागिहरुले वित्तिय साक्षरतापछि आफ्नो र आफ्नो परिवारको अनावश्यक/फजुल खर्चमा नियन्त्रण गर्न थालेका छन्। यसले उनीहरुको बचत गर्ने बानीको विकास बढाएको छ।

७) जेसी नीति निर्माण पछि गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा स्थानीय तहहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा विनियोजन हुने बजेट बढाएका छन् ।

८) स्थानीय बैंक तथा बित्तिय संस्था र सहकारी संस्थासँगको अन्तरक्रिया पश्चात बैतडी र दैलेख दुबै जिल्लाका ३१० जना युवाहरुले सहकारी तथा बैंकमा खाता खोली आर्थिक कारोबार गरी रहेका छन् ।

९) तेस्रो पक्षिय बित्तीय सहयोग पाएका ३१ जनामध्ये २६ जनाले व्यावसाय दर्ता गरिसकेका छन् ।

१०) सेवा प्रदायक निकायलाई युवा तथा लैङ्गिक केन्द्रित सेवा प्रवाहका विषयमा विभिन्न लबी बैठक, कार्यशाला, तालिम लगाएतका क्रियाकलापद्धारा क्षमता विकास हुनुका साथै सहज सेवा प्रवाहमा वृद्धि भएको छ।

११) परियोजना मार्फत हालसम्म दैलेख र बैतडीका २४ जना लैङ्गिक हिंसा पीडितहरुले कानूनी उपचार सहायताका लागि आर्थिक सहयोग प्राप्त गरेका छन् ।

१२) यौन तथा लैङ्गिक हिंसा मामला व्यवस्थापन गर्न, सेवा प्रदायकहरुको लागी आचारसंहिता निर्माण गरी पीडितहरुलाई तत्काल र सहज रुपमा सहयोग प्रदान गर्न सहज भएको छ।

१३) लैङ्गिक हिंसा पीडितलाई सहयोगको लागि जिल्ला अस्पताल बैतडीको ओसीएमसीसँगको सम्झौता भई सहयोग प्रदान गर्न सहज भएको छ भने हिंसा पीडितलाई सहयोग प्राप्तीमा पहुँच स्थापित भएको छ।

१४) पारिवारिक, आर्थिक जस्ता कारणले पढाईलाई निरन्तरता दिन नसकेका ३ जनाले बित्तिय साक्षरता कक्षामा सहभागि भईसकेपछि पढाईलाई निरन्तरता दिएका छन् ।

१५) व्यावसाय सुरु गरेका युवाहरुले समुदायका अन्य युवाहरुलाइ पनि सीप सिकाउने र आफ्नो

व्यवसायमा रोजगारी समेत दिन थालेका छन् ।
१६) बेरोजगारीको समस्या भेलीरहेका युवाहरु तेस्रो पक्षिय बित्तीय सहयोग पाएपछि विदेशको यात्रा रोकेर स्थानीय स्तरमै व्यवसाय सञ्चालन गरि घरपरिवारको साथमा नियमित आम्दानी गरिरहेका छन् ।
१७) सरोकारवाला निकायहरु प्रत्यक्ष रुपमा परियोजनाका क्रियाकलापमा समाबेश हुने र महत्वपूर्ण भुमिका निभाउने भएकाले काम गर्न सबै पालीकामा सहज काम गर्ने वातावरण भएको ।

**असल अभ्यास** :

- पालीका र वडाहरुमा परिचय तथा समन्वयात्मक सम्बन्ध बिस्तार
- परियोजनाका क्रियाकलापहरुमा सरोकारवालाहरुको ज्ञानसिप र क्षमतालाई प्रयोग
- बैतडी र दैलेखमा लैंगिक हिंसाको केस व्यवस्थापनाको लागि ओसीएमसीको सक्रिय संलग्नता
- युवा र लैंगिक समानता र सामाजिक समावेशीकरण (जेसी) को विषयहरुमा कार्यक्षेत्रका पालीकाहरुको धारणामा परिवर्तन ।

**चुनौतीहरु**:

- वीत्तीय साक्षरता कक्षाका सहभागीहरु जुटाउन समस्या
- परियोजनाका धेरैजसो क्रियाकलापहरु पालीकासङ्गको समन्वयमा गर्नुपर्ने भएकोले पालीका तथा जनप्रतिनीधि हरुको समय व्यवस्थापन ले तोकेको समयमा क्रियाकलाप सम्पन्न गर्न समस्या हुने गरेको ।
- पिडित महिलाहरुलाई कानुनी सहायता प्रदान गर्नका लागि प्रयाप्त रकम कार्यक्रममा नहुनु ।

## २.१. ६ सामुदायिक सुरक्षा जालो Community Safty Net (CSN)

| परियोजना/ कार्यक्रमको नाम | आर्थिक सहयोग | कार्यक्षेत्र | अवधी | लक्षित समुह/वर्ग | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| सामुदायिक सुरक्षा जालो (CSN) | नागरिक आवाज ललितपुर, नेपाल | सुर्खेत -वीरेन्द्रनगर नगरपालिका -बराहताल गाउँपालिका | २ वर्ष ६ महिना (जनवरी २०२३ देखि जुन २०२५ सम्म) | विपद्मा परेका महिला तथा बालबालिका/ सीमान्तकृत महिला तथा बालबालिका | १५४८ जना |

### परियोजनाको परिचय

सामुदायिक सुरक्षा जालो (**Community Safty Net (CSN**) परियोजनाले बलियो सामुदायिक सञ्जालहरू निर्माण गरेर समुदायहरूलाई उनीहरूको आफ्नै सुरक्षा र सुरक्षा चुनौतीहरू सम्बोधन गर्न सशक्त बनाएर हिंसा, जोखिम र असुरक्षाका घटनाहरूलाई कम गर्ने लक्ष्य राखेको छ। यसले द्धन्द्ध समाधान र मध्यस्थताका लागि तालिम र सहयोग प्रदान गर्ने, सामुदायिक पहलहरूलाई सुदृढ गर्ने, न्याय र कानूनी सेवाहरूमा पहुँच सुधार गर्ने लक्ष्य राखेको छ । यस परियोजनाले वातावरणीय शान्ति प्रर्वद्धन, खाद्य सुरक्षा र सामुदायिक कल्याणमा वृद्धि, हिंसा, जोखिम र सुरक्षाका घटनाहरूलाई न्यूनीकरण गर्नेछ। परियोजना प्राकृतिक प्रकोप र मानव निर्मित प्रकोपसँग सम्बन्धित विपद्मा केन्द्रित छ।

**कार्यक्रमको उदेश्य**

● सामुदायिकस्तरमा सामुदायिक सुरक्षा जालोको अवधारणामा अभिमुखीकरण र समुदायस्तरमा अवधारणाको प्रयोग र सशक्तिकरण।

● विभिन्न प्रकारका प्राकृतिक, सामाजिक र मानव निर्मित प्रकोपबाट पीडित र पीडित हुने उच्च जोखिममा रहेका परिवार र समुदायलाई अति आवश्यक राहत सहयोग उपलब्ध गराउने।

● पीडित तथा विभिन्न किसिमका विपद्बाट प्रभावितहरूलाई आघात र पीडाबाट बाहिर निकाल्नका लागि आवश्यकता अनुसार सेवा प्रदान गरी मनोसामाजिक कल्याणका बारेमा चेतना जगाउने।

● महिला र अन्य सामाजिक रूपमा उपेक्षित, सीमान्तकृत र बहिष्कृत व्यक्ति, परिवार, समूह र समुदायका लागि समस्याहरुको सम्बोधन गर्न सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय र सम्पर्क स्थापना गर्ने, जसका लागि सामूहिक आवाज, नारीवादी नेतृत्व विकास र राजनीतिक

सशक्तिकरणमा जोड दिने ।

- जिल्लामा रहेका विपद् व्यवस्थापन सम्बन्धी विभिन्न समिति, स्थानीय सरकार तथा विपद् व्यवस्थापनमा कार्यरत अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग आवश्यक समन्वय गरी विपद् न्यूनीकरण तथा विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन योगदान पुऱ्याउने ।

**हाल सम्म भएको बजेट** : जम्मा खर्च रु. ४८७५१७१.६९

**परियोजनाका सम्पन्न क्रियाकलापहरू:**

| SN | Activity Name | Beneficiary |
|---|---|---|
| 1 | Municipal level CSN group Formation and Orientation on CSN concept | 75 |
| 2 | Coordination Meeting | 144 |
| 3 | Psychosocial Counselling Support and Awareness on Psychosocial well being | 666 |
| 4 | Orientation and Awareness Raising | 630 |
| 5 | Capacity Building and Enhancment | 26 |
| 6 | Livelihood support and Training | 55 |
| 7 | Education support for needy students | 24 |
| Total Beneficiary | | 1620 |

## मुख्य उपलब्धी

१. सामुदायिक सुरक्षाजालो वीरेन्द्रनगर नगरपालिका स्तरिय संजालका संयोजकको जीवनशैली बदलिएको छ।

२.४१ जना प्रभाबित महिलाहरुले मनोसामाजिक मनोबिमर्श सेवा प्राप्त गरेका छन्।

३. २४ जना महिलाहरुले आयआर्जन सहयोग अर्न्तगत ब्यबशाय सुरुवात गरी आफनो दैनिकी मा परिबर्तन ल्याएका छन्।

४. समस्यामा परेका महिलाहरुले आफनो दुख बिसाउने चौतारी पाएका थिए।

५.क्षमता अभिबृद्धि तालिम पाएका ब्यक्तिहरुले बिभिन्न ठाउमा आफनो सीप प्रयोग गर्न पाएका छन्।

६.मनोसामाजिक हेरचाहा सम्बन्धि तालिममा बसी क्षमता अभिबृद्धि भएका ब्यक्तिहरुले सीपलाई दैनिक जीवनमा ब्यबहारमा प्रयोगगरी आफनो दैनिकि परिबर्तन गराएका छन्।

७.जिल्ला बिपत ब्यबस्थापन समिति संगको समन्वयमा वाम संस्थाको बिपतकोषमा रहेको रकम परिचालनका लागि रातो किताबमा राखिएको छ। जब विपद् आईलाग्छ महिला तथा बालबालिकालाई सहयोग गर्नुपरेमा सोही कोषबाट खर्च गर्ने भन्ने रहेको छ।

८. पालिका स्तरमा समन्वय राम्रो रहेको छ। जसका कारण हरेक गतिबिधिमा पालिकाको सहभागिता रहेको छ।

९. वडा कार्यालय संगको समन्वय राम्रो भएका कारण प्रभावित ब्यक्तिहरुलाई सिफरिस लिन सहज भयो। साथै ब्यबशायको दिगोपनाको लागि र निरन्तर अनुगमन मुल्यांकन गर्नका लागि कार्यक्रम वडा कार्यालयलाई सोझै र पालिका स्तरमा पनि कार्यक्रम हस्तान्तरण गरिएको छ। वडा अध्यक्षबाट कार्यक्रको नियमित अनुगमन गर्ने र ब्यबशायीक प्रबद्धनका लागि आबश्यक सहयोग गर्ने प्रतिबद्धता ब्यक्त भएको छ।

### २.१.३ (पीफ) परियोजना Partners' Investment Fund (PIF)

| परियोजना/ कार्यक्रमको नाम | आर्थिक सहयोग | कार्यक्षेत्र | अवधी | लक्षित समुह/वर्ग | लाभान्वित संख्या |
|---|---|---|---|---|---|
| (पीफ) परियोजना Partners' Investment Fund (PIF) | अक्सफाम नेपाल | सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) | जनवरी २०२४ देखि जुन २०२५ | संस्थागत क्षमता विकास | |

**परियोजनाको परिचय**

अक्सफामले नेपालमा १२ वटा साझेदार संस्थाहरुमार्फत Partners' Investment Fund मा काम गरिरहेको छ। तीमध्ये सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत एक हो । वाम अक्सफामको पुरानो साझेदार संस्था हो । अक्सफामले साझेदार संस्थाहरुको क्षमता अभिवृद्धिका लागि केही कोष परिचालन गरेको छ । जसलाई Partners' Investment Fund भनिन्छ। यसका केही साझा गतिविधिहरु पनि छन् । यस वर्षका लागि पिफ कार्यक्रम अर्न्तगत वार्षिक समिक्षा, Knowledge Managanemt workshop, Digital right workshopसाझा गतिविधिमा पर्दछन् । यस्ता गतिविधिमा सबै साझेदार संस्थाहरु सहभागी हुन्छन् ।

Partners' Investment Fund (PIF)अन्तर्गत वाम संस्थामा संस्थाको सञ्चार नीति, अनुगमन मुल्यांकन तथा MEALD guideline निर्माण, संस्थागत वित्तिय सफ्टवेर विकास, संस्थाको कार्यसमिति र कर्मचारीलाई जेड्सी सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम, गुणस्तरिय परियोजना प्रशताव लेखन, लैङ्गिक स्रोत संस्था विकास (पुस्तकालय स्थापना) लगाएतका क्रियाकलाप छन् । संस्थाले सञ्चार तथा अभिलेखीकरण अधिकृत (Communication and Documentation officer) नियुक्त गरी PIF गतिविधि सञ्चालन गरिरहेको छ ।

**कार्यक्षेत्र**

यो परियोजनाको कार्यक्षेत्र सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) को संस्थागत क्षमता सुदृढिकरण र विकासका लागि संस्थाको कार्यालय अन्तरर्गत रहेको छ ।

**कार्यक्रमको उदेश्य**

- सञ्चार नीति र MEALD निर्देशिका विकास हुनेछ ।
- पाँच वर्षे रणनीतिक योजना र सबै नीतिहरूको मानक संकलन हुनेछ ।

- वेबसाइट निर्माण भई नियमित अपडेट हुनेछ।
- वामको बोर्ड सदस्यहरू र कर्मचारीहरूले परियोजना प्रस्ताव लेखनमा सक्षम हुनेछन्।
- वाम लैङ्गिक स्रोत संस्थाको रूपमा विकास गरिनेछ।
- वामको संस्थागत प्रभावको अध्ययन र मूल्याङ्कन गरिनेछ।
- संगठनको सफ्टवेयरमा वित्तीय प्रणाली विकसित हुनेछ।
- पुस्तकालय, इतिहास सङ्कलन र भिडियो कागजात उत्पादनले संस्थालाई अभिलेख व्यवस्थापन, लैङ्गिक स्रोत संस्थाको रूपमा विकास गर्न मद्दत गर्नेछ।
- दक्ष जनशक्ति परिचालन गरी संस्थाले तयार पारेको परियोजना प्रस्तावको मस्यौदालाई अन्तिम रूप दिइनेछ।
- कर्णालीमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्थाबारे अध्ययन गरि नजिता सरकारका निकायहरुलाई बुझाईनेछ।
- संस्थाको अभिलेखीकरण पद्धती व्यवस्थित भएको हुनेछ।

## क्रियाकलाप र बजेट विवरण

| S.N | Activity Name | Remarks |
|---|---|---|
| 1 | Annual review and reflection | |
| 2 | Develop communication Policy, MEALD guideline | |
| 3 | Compile banding of strategic plan, policies | |
| 4 | Developed of organizational finance software | |
| 5 | Video documentary and history collection | |
| 6 | TOT on GESI for board & Staff member | |
| 7 | Social Audit of the organization | |
| 8 | Quality proposal develop | |
| 9 | Developed of the gender resource organization | |

| | | |
|---|---|---|
| 10 | Communication and Documentation officer | |
| 11 | Minimum Operating Guidelines for PIF partners | |
| 12 | Digital display operation | |
| 13 | Experience sharing meeting | |
| 14 | Leadership Development Training | |
| 15 | Project/Program Developd support | |
| 16 | Equipment of organizational support | |
| 17 | Policies, strayegic and Guideline update | |
| 18 | Website Maintenanance | |
| 19 | Annual review and reflection | |
| 20 | Gender Resource Book publication | |
| 21 | Survey of the GEDSI in Karnali | |
| 22 | Oreantation of GEDSI and planning process | |
| 23 | Compound Wall maintenane | |
| 24 | Communication and Documentation officer | |
| 25 | Invetor Battery instillation | |
| 26 | Purchase of furniture materials (Re-pair and Purchase ) | |

| | | |
|---|---|---|
| 27 | **Added Activities** (With the decision of the Board and the PMC, and the approval of Oxfam)<br>1. Office Management/Decoration<br>2. Construction of Organization Board<br>3. Computer table purchase-2<br>4. Water tank purchase | |




कर्णाली

सरकारको नीतिबारे सर्वसाधारणलाई कम जानकारी

### परियोजनाबाट प्राप्त उपलब्धी

- संस्थाको वेवसाइट www.wam.org.np
- संस्थाका कार्यसमिति पदाधिकारी र कर्मचारीहरुको इमेलमा एकरुपता (जस्तै, ed@wam.org.np, hikmat@wam.org.np)
- संस्थाको पाँच वर्ष (2024-2028) का लागि रणनीतिक योजना निर्माण र कार्यान्वयन।
- संस्थाको वेवसाइड हेरेर विकास साझेदारहरु सम्पर्कमा आई प्रश्तावहरु पेश गर्नका लागि सहज भएको।
- विपद् व्यवस्थापन पूर्वतयारी योजना (DPP) निर्माण।
- संस्थाको निम्नानुसारका नीतिहरु अद्यावधिक।

(क) आर्थिक व्यवस्थापन नीति (Financial Management Policy)
(ख) मानव संशाधन व्यवस्थापन नीति **(HR Management Policy)**
(ग) खरिद नीति **(Procurement Policy)**

- तपसिल अनुसारका नीतिहरु नयाँ निर्माण भएको छ।

(क) जेड्सी नीति **(GEDSI policy)**

(ख) सेफगार्डिङ नीति **(Safeguarding Policy)**

● संस्थागत पहलमा निर्माण भएका नीति र निर्देशिकाहरु

(क) पैरवी नीति **Advocacy Policy**

(ख) लागत बाँडफाँड तथा साझेदारी नीति **Cost sharing and partnership policy**

(ग) **Good governance and anti-fraud policy**

(घ) लैङ्गिक हिंसा पीडित, प्रभावितलाई सहयोग उपलब्ध गराउने सम्बन्धी निर्देशीका **(Guideline for providing assistance to victimsaffected of gender violence)**

(ङ) अनुगमन तथा मुल्यांकन नीति **(Monitoring and evaluation policy)**

(च) यौनजन्य शोषण तथा दुर्व्यवहार विरुद्धको नीति **(Policy on Preventing Sexual Exploitation and Abuse)**

● नीतिहरु निर्माणले संस्थाको गतिविधि कार्यान्वयनमा एकरुपता आएको ।

● प्रश्ताव लेखनमा सहज भएको ।

● दातृ निकायमा पेश गर्न सहज भइको ।

● अद्यावधिक तथा नयाँ निर्माण भएको नीति र निर्देशिकाहरु कार्यान्वयनमा गएका छन् ।

● संस्थाको प्रभावकारी अभिलेख व्यवस्थापन भएसँगै संस्थाले विकास साझेदार निकाय, दातृ निकायमा विश्सनियता बढेको ।

● संस्थाको दीर्घकालीन लक्ष्य स्पष्ट पार्न सहयोग पुगेको छ ।

● स्रोत साधनको प्रभावकारी परिचालन भएको छ ।

● संस्थागत सुशासन र पारदर्शीता कायम भएको छ ।

● स्रोत साधनको दुरुपयोग रोकथाम भएको छ ।

● दातृ निकायको विश्वास बढाएको छ ।

● कर्मचारी भर्ना, तालिम आदि प्रक्रियालाई स्पष्ट बनाएको छ ।

● वस्तु तथा सेवा खरिदमा पारदर्शिता कायम भएको छ ।

● भ्रष्टाचार विरुद्ध शुन्य सहनशिलता कायम गरिएको छ ।

● सबै समुदायका सदस्यलाई समान अवसर सुनिश्चित भएको छ ।

● लैङ्गिक संवेदनशील कार्यक्रम डिजाइनमा सहयोग पुगेको छ ।

● समावेशी संस्थागत वातावरण सिर्जना भएको छ ।

● हाम्रो उद्देश्य संस्थालाई लैङ्गिक स्रोत संस्थाको रूपमा विकास गर्नु हो । त्यसको लागि हामीले २०२३ मा एउटा पुस्तकालय स्थापना गरेका छौं । हामीले संस्थाका ऐतिहासिक दस्तावेजहरू र अन्य पुस्तकहरू सङ्कलन गरेका छौं । यस वर्ष पुस्तकालयसँगै डिजिटल बोर्ड स्थापना गरिएको छ । जहाँ लैङ्गिक स्रोत सामग्रि र संस्थागत इतिहाससँग सम्बन्धित जानकारीमूलक सामग्रीहरू डिजिटल माध्यमबाट प्रदर्शन गरिनेछ । यसले ज्ञान बढाउन मद्दत गर्छ ।

● कर्णाली प्रदेशमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था विषयक सर्वेक्षणको नतिजा सार्वजनिक गरिएको छ ।सोहि अवसरमा लैङ्गिक सवाल र लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको सुदृढिकरणका लागि अनुभव आदान प्रदान गरिएको छ।

● सर्वेक्षणको नजिताबाट प्रमाणका आधारमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको सुदृढिकरणका लागि पैरवी र वकालतमा सहयोग पुग्नेछ।

● दैलेखका Youh Led GESI परियोजना अर्न्तगत तेस्रो पक्षिय वित्तिय सहयोग प्राप्त उद्यमीहरुलाई GEDSI र स्थानीय तहको योजना निर्माण प्रक्रियाबारे क्षमता विकास तालिम दिईएको छ । जसले सबैको बुझाइमा वृद्धि हुनुका साथै एकरूपता पनि देखिएको छ । स्थानीय स्तरको योजना प्रक्रियाको बुझाइ बढेको छ।

● लैङ्गिक सम्बन्धी ऐन, कानून, महिला अधिकार सम्बन्धी राष्ट्रिय नीति, अन्तराष्ट्रिय सन्धी सम्झौता समेटेर 'लैङ्गिक स्रोत पुस्तक' प्रकाशन भएको छ। यसले संस्थालाई लैङ्गिक स्रोत संस्थाको रुपमा विकास गर्न र ज्ञान व्यवस्थापनमा सहयोग पुग्नेछ।

● वामको बोर्ड तथा सदस्य र कर्मचारीलाई नेतृत्व विकास तालिम दिईएको छ। तालिमले संगठनको बारेमा जागरूकता र बुझाइ बढेको छ ।संगठन व्यवस्थापनमा कार्यकारी बोर्ड, आजीवन सदस्य र सामान्य सदस्यको क्षमता अभिवृद्धि हुनुका साथै संस्था व्यवस्थापनमा क्षमता अभिवृद्धि हुन पुगेको छ। नेतृत्व भूमिकाहरू बढाएको छ।

● WAM केन्द्रीय कार्यालयको पर्खाल निर्माण गरि भवन सुरक्षित गरिएको छ।

● संस्थामा वैकल्पिक विद्युत (इन्टभर) जडान गरिएको छ । जसले बिजुलीको अभावमा पनि कार्यसम्पादन सहज छ ।कामको निरन्तरता र समय बचत भएको छ। सेवा दक्षतामा वृद्धि भएको छ भने इलेक्ट्रोनिक उपकरणहरूको सुरक्षा हुनुका साथै आपत्तकालीन अवस्थामा उपयोगी बनेको छ।

# आर्थिक वर्ष २०८१/०८२ को आर्थिक प्रतिवेदन

## कोषाध्यक्षको तर्फबाट प्रस्तुत आर्थिक प्रतिवेदन

सभाध्यक्ष ज्यू,

प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, मञ्चमा आसिन अतिथिज्यूहरु, उपस्थित विभिन्न संघ संस्थाका पदाधिकारीज्यूहरु, कार्य समितिका साथीहरु, सस्थाका सदस्यज्यूहरु लगायत सम्पूर्ण उपस्थित प्रतिनिधिज्यूहरु, साझेदार संस्थाका प्रतिनिधिज्यूहरु र संस्थाका सम्पूर्ण कर्मचारीहरुमा सीमान्तकृत महिलाहरुको लागि महिला संस्थाले सामाजिक परिक्षण सम्पन्न गरि २८औं वार्षिक साधारणसभा समेत सम्पन्न गर्न गइरहेको अवसरमा हार्दिक आभार व्यक्त गर्दै मेरा भनाई राख्न चाहन्छु।

सीमान्तकृत महिलाहरुको लागि महिला संस्थाले नियमित र अनिवार्य रुपमा आफ्नो वार्षिक साधारण सभा गर्ने गरेको छ भने सामाजिक परीक्षण, आन्तरिक लेखा परीक्षण, सार्वजनिक परीक्षण, वार्षिक लेखा परीक्षण जस्ता प्रक्रियाले संस्थालाई सुशासित र जवाफदेही बनाएका छन । साधारण सभा विगतको मूल्याङ्कन, वर्तमान अवस्थाको चित्रण गर्ने र भावी दिनहरुका लागि मार्गदर्शन गर्ने, संस्थागत सुशासन साथै सदस्य सार्वभौम हुन् भन्ने कुराको अनुभूत गर्ने एउटा महत्वपूर्ण कार्यकारी विशिष्ट तह हो । यस अवसरमा संस्थाको तर्फबाट आर्थिक बर्ष २०८१/८२ आय व्ययको आर्थिक प्रतिवेदन र आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित कार्यक्रमको बजेट प्रस्तुत गर्न पाउँदा धेरै खुसी लागेको छ। साथै आभार व्यक्त गर्न चाहन्छु। संस्थाको २७ औं साधारण सभा सम्पन्न भएको १ बर्ष पुरा भएको छ । यस अवधिमा यस संस्थाले युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा युवा नेतृत्वको लागि लैङ्गीक समानता र सामाजिक समावेशीकरण, नागरिक आवाज, वियोङ्ग वेजीङ्ग कमिटि, साझेदारी संस्थागत विकास लगानी कार्यक्रम सञ्चालन भएको जानकारी गराउन चाहन्छु।

**सभाध्यक्ष ज्यू,**

अब, म यस संस्थाद्धारा सञ्चालन भएका परियोजना तथा कार्यक्रमहरुको आ.वा.२०८१/०८२ को बजेट र खर्चको निम्नानुसार भए गरेको विवरण पेश गर्ने अनुमति चाहान्छु। आय तर्फ आर्थिक वर्ष २०८१/०८२ म यस संस्थाको आय तर्फ कुल बजेट रु.१ करोड २० लाख ८६ हजार ९ सय ८२ रुपैयाँ ९२ पैसा रहेको छ। व्यय (खर्च) १ करोड २४ लाख १५ हजार ८ सय ३३ रुपैयाँ १९ पैसा रहेको छ । साथै डिफीसेट भएको रु. ३ लाख ४२७ हजार ८ सय ५० रुपैयाँ ९६ पैसा रहेको छ। यसको विस्तृत विवरण लेखा परीक्षण प्रतिवेदनमा रहेको जानकारी गराउन चाहन्छु। जस मध्ये विस्तृत विवरण तपसिलको बुँदागत रहेको छ। यहाँहरु समक्ष प्रस्तुत गर्न अनुमति चाहान्छु।

**१. युरोपियन युनियन र अक्सफामको साझेदारीमा सञ्चालित परियोजनाको आ.व.२०८१/०८२ को आय तथा व्यय प्रस्तुत गर्न चाहान्छु।**

आ.व.२०८१/८२ युवा नेतृत्वको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परियोजना अन्तर्गत आय तर्फ कुल बजेट रकम रु. ५९ लाख ६५ हजार ६ सय ४७ रुपैंया ८२ पैसा मात्र प्राप्त

भएको थियो भने विभिन्न शीर्षकमा भएको खर्च तर्फ कूल रु. ५९ लाख ६५ हजार ६ सय ४७ रुपैंया ८२ पैसा खर्च भएकोछ।

२. अक्सफामको Partner's Investment Fund (PIF) संस्थागत विकास कार्यक्रम अन्तरगत आ.व. २०८१/८२ मा आय तर्फ कुल बजेट रु. २६ लाख ८३ हजार ७ सय ३ रुपैयाँ ३९ पैसा रहेको छ भने कार्यक्रमको कुल खर्च रकम रु २६ लाख ८३ हजार ७ सय ३ रुपैयाँ ३९ पैसा रहेको छ।

३. नागरिक आवाजको सहयोगमा सामुदायिक सुरक्षा कार्यक्रम अन्तरगत आ.व. २०८१/८२ मा आय तर्फ कुल बजेट रु. ३१ लाख ७६ हजार ६ सय ७५ रुपैया ९२ पैसा रहेको छ भने कार्यक्रमको खर्च रु. ३१ लाख ७६ हजार ६ सय ७५ रुपैया ९२ पैसा भएको छ।

४. वियोङ्ग वेजीङ्ग कमिटिमार्फत संस्थामा १९ हजार ८ सय ५० रुपैयाँ ८१ पैसा प्राप्त भएको थियो। सो रकम मध्ये रु १९ हजार ८ सय ५० रुपैयाँ ८१ पैसा खर्च भएको छ।

५. संस्थाको कोर फण्डमा आ.व. २०८१/०८२ मा आय तर्फ कुल बजेट रु. २ लाख ४ हजार ८ सय रुपैंया रहेको छ भने विभिन्न शिर्षकमा २ लाख ४ हजार ८ सय रुपैंया खर्च भएको छ। यो प्राप्त भएको आम्दानीका स्रोत भनेको सदस्य नवीकरण तथा सहयोग र संस्थागत शुभचिन्तकहरुबाट रकम प्राप्त भएको जानकारी गराउन चाहान्छु। र, वहाँहरुलाई संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट धेरै-धेरै धन्यवाद दिन चाहान्छु। यस्तै सहयोगी मनहरुलाई सहयोग गर्न अझ उत्प्रेरणा होस, यही अपेक्षा राख्दछु।

अब म संस्थाको आ.वा. २०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु। चालु आर्थिक वर्ष २०८२/०८३ को लागि आजको मितिसम्म साझेदार संस्थाहरुको सहकार्यमा सञ्चालित परियोजना तथा कार्यक्रमको लागि कूल बजेट रु. ३८ लाख ४४ हजार ८ सय १२ रुपैंया मात्र प्रस्ताव गरेको छु। साथै संस्थाले यस आर्थिक वर्षको बीचमा पनि परियोजना सम्झौता हुन सक्ने जानकारी गराउँछौं। विभिन्न उद्देश्य मिल्ने परियोजनाको प्रस्ताव राखिने नै छ। अनुमानित बजेटमा थपघट हुन सक्ने जानकारी गराउँदछु।

**जस मध्ये,**

१) अक्सफामको आर्थिक सहयोगमा सञ्चालित परियोजना महिला विकास कोष अर्न्तगत आ.व. २०८२/०८३ कूल बजेट रु. ३५ लाख ४४ हजार, ८ सय ४२ रुपैयाँ प्रस्ताव गरिएको छ।

२) कारखाना समूहको सहयोगमा सञ्चालन हुने शिक्षा अभियानसँग सम्बन्धीत कार्यक्रम अन्तरगतको आ.व. २०८२/८३ को लागि कुल बजेट रु. ३ लाख मात्र प्रस्ताव गरिएको छ।

**आम्दानी र खर्च (आयव्यय) विवरण**

| क्र.स. | कार्यक्रमको नाम | प्राप्त अनुदान | खर्च रकम | मौज्दात रकम |
|---|---|---|---|---|
| १ | युवा नेतृत्वको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परियोजना | ५९,६५,६,४७.८२ | ५९,६५,६,४७.८२ | |
| २ | पिफ कार्यक्रम | २६,८३,७०३.३९ | २६,८३,७०३.३९ | |
| ३ | सामुदायिक सुरक्षा जालो | ३१,७६,६७५.९२ | ३१,७६,६७५.९२ | |
| ४ | वियोङ्ग वेजीङ्ग कमिटि | १९,८५०. ८१ | १९,८५०. ८१ | |
| ५ | आन्तरिक कोष | २,०४८००.०० | २,०४८००.०० | |

यस संस्था सामाजिक सेवामा समर्पित गैर नाफामूलक संस्था भएको कुरा विधितै छ। तथापि संस्थालाई जीवन्त राख्न आर्थिक पक्षको आफ्नो छुट्टै महत्व हुन्छ। संस्था नविकरण, कार्यालय संञ्चालन लगाएत सम्पूर्ण प्रशासनिक खर्च हालसम्म संञ्चालित परियोजनाहरुको प्रसाशनिक खर्चवाट संञ्चालन हुँदै आइरहेको छ। भने अपुग खर्चहरु कार्यसमिति र संस्थाका शुभ चिन्तकबाट अगाडि बढाउँदै आएका छां। आगामी दिनमा पनि यस संस्थाले अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, द्धिपक्षीय निकाय, बहुपक्षीय निकाय, संघीय प्रदेश तथा स्थानिय सरकारसंग साझेदारी गरी कार्यक्रमहरु संञ्चालन गर्न प्रस्ताव पेश गरिने ब्यहोरा समेत जानकारी गराउँदछु।

यस अवधिमा संस्थालाई कार्यक्रम संञ्चालन गर्न आर्थिक, नैतिक र भौतिक रुपले सहयोग पुयाउने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, कर्णाली प्रदेशका सम्वन्धित मन्त्रालयहरु र स्थानीय पालिकाहरु, कार्य समितिका साथीहरु, सल्लाहकारज्यूहरु, लेखासमितिका साथिहरु, बिभिन्न उपसमितिका साथिहरु, सम्पूर्ण सदस्यज्यूहरु प्रति आभार ब्यक्त गर्दछु साथै कार्यकारी निर्देशक तथा सम्पूर्ण कर्मचारीहरुप्रति धन्यवाद दिन चाहन्छु। साथै आगामी दिनमा पनि अझै प्राथमिकताका साथ साझेदारी र सहकार्यमा सम्बन्धित सबै निकायहरु, ब्यक्तित्वहरुको निरन्तरता रहने कुरामा विश्वस्त छु। साथै आ.वा. २०८१/०८२ को विस्तृत आय व्ययको विवरण संस्थाको लेखा परीक्षणमा समावेश गरिएकोले संक्षिप्त बुँदागत रुपमा प्रस्तुत गरेको अवगत गराउन चाहन्छु। यो संक्षिप्त आर्थिक प्रतिवेदन भएकाले थप प्रष्ट र विस्तृत आय व्ययको विवरणहरु लेखा परीक्षण प्रतिवेदनलाई अध्ययन गर्न हार्दिक अनुरोध समेत गर्दछु।

आगामी दिनमा यहाँहरुबाट अमुल्य सल्लाह-सुझावको अपेक्षा सहित यो आर्थिक प्रतिवेदन यहाँहरु समक्ष पेश गर्दछु।

धन्यवाद।

**माया नेपाली**
**कोषाध्यक्ष**
**वाम, सुर्खेत**

WOMEN ASSOCIATION FOR MARGINALIZED WOMEN (WAM)
BIRENDRANAGAR 08, SURKHET
STATEMENT OF FINANCIAL POSITION
As on Ashadh 32, 2082 (July 16, 2025)

| Assets | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| Non - Current Assets | | | |
| Property, Plant and Equipment | 4.1 | 1,07,52,264.60 | 1,09,42,604.00 |
| Intangible Assets | 4.2 | 67,800.00 | - |
| Investment Property | | - | - |
| Long term Investments | | - | - |
| Other Non Current Assets | | - | - |
| Total Non - Current Assets | | 1,08,20,064.60 | 1,09,42,604.00 |
| Current Assets | | | |
| Inventories | | - | - |
| Accounts Receivable | 4.3 | 25,036.00 | 1,06,131.29 |
| Grant Receivable | | - | - |
| Cash and Cash Equivalents | 4.4 | 2,77,438.27 | 15,40,911.25 |
| Total Current Assets | | 3,02,474.27 | 16,47,042.54 |
| Total Assets | | 1,11,22,538.87 | 1,25,89,646.54 |
| | | | |
| Liabilities & Reserves | Notes | Current Year | Previous Year |
| Accumulated Reserves | | | |
| Unrestricted Funds/Accumulated Surplus | 4.5 | 1,08,12,675.86 | 1,11,40,526.83 |
| Designated Funds | 4.6 | 68,800.00 | 28,800.00 |
| Restricted Funds | 4.7 | (4,50,073.94) | 11,96,969.79 |
| Endowment Fund | | - | - |
| Capital Reserve | 4.8 | 1,31,850.00 | 84,400.00 |
| Total Accumulated Reserves | | 1,05,63,251.92 | 1,24,50,696.62 |
| Non - Current Liabilities | | | |
| Loans and Borrowings | | - | - |
| Employee Benefit Liabilities | | - | - |
| Deferred Income | | - | - |
| Other Non - Current Liabilities | | - | - |
| Total Non - Current Liabilities | | - | - |
| Current Liabilities | | | |
| Accounts Payable | 4.9 | 5,59,286.95 | 1,38,949.92 |
| Employee Benefit Liabilities | | - | - |
| Loans and Borrowings | | - | - |
| Provisions | | - | - |
| Total Current Liabilities | | 5,59,286.95 | 1,38,949.92 |
| Total Liabilities | | 5,59,286.95 | 1,38,949.92 |
| | | | |
| Total Liabilities and Reserves | | 1,11,22,538.87 | 1,25,89,646.54 |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Devi Poudel
Chair Person

CA Chhabi Lal Acharya
C. Acharya & Associates
Chartered Accountants

Madhurani Dhakal
Executive Director

Jasmine Bhatta
Admin/Finance Officer

WOMEN ASSOCIATION FOR MARGINALIZED WOMEN (WAM)
BIRENDRANAGAR 08, SURKHET
STATEMENT OF INCOME
For the Financial Year Ended on Ashadh 32, 2082 (July 16, 2025)

| Particulars | Notes | Current Year | Previous Year |
|---|---|---|---|
| INCOME | | | |
| Incoming Resources | 4.9 | | |
| Program Income | | 1,18,45,877.92 | 1,98,33,723.89 |
| Core Account Income | | 2,04,805.00 | 1,12,028.77 |
| Financial Income | | - | 1,157.24 |
| Defered Income Realization | | 37,300.00 | - |
| Total Income | | 1,20,87,982.92 | 1,99,46,909.90 |
| EXPENDITURE | | | |
| Staff Cost/Expenses | 4.10 | - | - |
| Program Expenses | 4.11 | 1,18,45,877.92 | 1,98,33,723.89 |
| General Administrative Expenditure | 4.12 | 3,62,666.57 | 2,55,761.12 |
| Depreciation/Amortization | 4.1/4.2 | 2,07,289.40 | - |
| Other Expenditure | | - | - |
| Total Expenditure | | 1,24,15,833.89 | 2,00,89,485.01 |
| | | | |
| Net Surplus/(Deficit) Before Taxation | | (3,27,850.97) | (1,42,575.11) |
| Income Tax Expenses | | | |
| SURPLUS/(DEFICIT) FOR THE YEAR | | (3,27,850.97) | (1,42,575.11) |
| APPROPRIATION OF SURPLUS FOR THE YEAR | | | |
| Allocation to Reserves | | (3,27,850.97) | (1,42,575.11) |
| Allocation to Endowment Fund | | - | - |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Devi Poudel
Chair Person

CA Chhabi Lal Acharya
C Acharya & Associates
Chartered Accountants

Madhurani Dhakal
Executive Director

Jasmine Bhatta
Admin/Finance Officer

WOMEN ASSOCIATION FOR MARGINALIZED WOMEN (WAM)
BIRENDRANAGAR 08, SURKHET
STATEMENT OF CASH FLOWS
For the Financial Year Ended on Ashadh 32, 2082 (July 16, 2025)

| Particulars | Current Year | Previous Year |
|---|---|---|
| CASH FLOWS FROM OPERATING ACTIVITIES | | |
| Surplus/(Deficit) for the Year (Before Tax) | (3,27,850.97) | (1,42,575.11) |
| Adjustment to Reconcile Surplus/(Deficit) to Net Cash Flows | | |
| Non - Cash Items : | | |
| Deferred Income Realization | (37,300.00) | - |
| Depreciation & Impairment of Property Plant & Equipment | 2,07,289.40 | - |
| Amortization and Impairment of Intangible Assets | - | |
| Changes in Restricted Reserves | (16,47,043.73) | 10,13,940.78 |
| Change in Capital Reserve | 40,000.00 | 28,800.00 |
| Change in Unrestricted Reserve | - | - |
| Working Capital Adjustments : | | |
| Accounts Receivable | 81,095.29 | (48,873.11) |
| Prepayments | - | |
| Inventories | - | |
| Accounts Payable | 4,20,337.03 | (1,17,697.25) |
| Accrued Expenses and Deferred Income | - | |
| Less : | | |
| Income Tax Paid | - | |
| Interest Paid | - | |
| Net Cash from/(Used in) Operating Activities | (12,63,472.98) | 7,33,595.31 |
| CASH FLOWS FROM INVESTING ACTIVITIES | | |
| Purchase of Property, Plant and Equipment | - | - |
| Purchase of Intangible Assets | - | - |
| Proceeds from Sale of Equipment | - | - |
| Interest Received | - | - |
| Net Cash from/(Used in) Investing Activities | - | - |
| CASH FLOWS FROM FINANCING ACTIVITIES | | |
| Borrowing of Government Loans | - | - |
| Repayment of Government Loans | - | - |
| Net Cash from/(Used in) Financing Activities | - | - |
| NET INCREASE/(DECREASE) IN CASH AND CASH EQUIVALENTS | (12,63,472.98) | 7,33,595.31 |
| CASH AND CASH EQUIVALENTS AT Shrawan 01, 2081 | 15,40,911.25 | 8,07,315.94 |
| CASH AND CASH EQUIVALENTS AT Ashadh 31, 2082 | 2,77,438.27 | 15,40,911.25 |

The Notes on Accounts form an integral part of the financial statements.

Maya Nepali
Treasurer

Devi Poudel
Chair Person

CA Chhabi Lal Acharya
C. Acharya & Associates
Chartered Accountants

Madhurani Dhakal
Executive Director

Jasmine Bhatta
Admin/Finance Officer

WOMEN ASSOCIATION FOR MARGINALIZED WOMEN (WAM)
BIRENDRANAGAR 08, SURKHET
STATEMENT OF CHANGES IN RESERVES
For the Financial Year Ended on Ashadh 32, 2082 (July 16, 2025)

| Description | Restricted Reserves | Designated Fund | Unrestricted Reserves | Capital Reserves | Result For the Year | Total |
|---|---|---|---|---|---|---|
| Balance as at Ashadh 31, 2080 | 1,83,029.01 | - | 4,24,897.94 | - | - | 6,07,926.95 |
| Result for the Year | 10,13,940.78 | 28,800.00 | 1,08,58,204.00 | 84,400.00 | (1,42,575.11) | 1,18,42,769.67 |
| Adjustment | - | - | - | - | - | - |
| Allocation of Results to Restricted Reserves | - | - | - | - | - | - |
| Allocation of Results to Designated Fund | - | - | - | - | - | - |
| Allocation of Results to Unrestricted Fund | - | - | (1,42,575.11) | - | 1,42,575.11 | - |
| Allocation of Results to Endowment Fund | - | - | - | - | - | - |
| Allocation of Results to Capital Fund | - | - | - | - | - | - |
| Balance as at Shrawan 01, 2081 | 11,96,969.79 | 28,800.00 | 1,11,40,526.83 | 84,400.00 | - | 1,24,50,696.62 |
| Result for the Year | (16,47,043.73) | 40,000.00 | - | 47,450.00 | (3,27,850.97) | (18,87,444.70) |
| Adjustment | - | - | - | - | - | |
| Allocation of Results to Restricted Reserves | - | - | - | - | - | - |
| Allocation of Results to Designated Fund | - | - | - | - | - | - |
| Allocation of Results to Unrestricted Fund | - | - | (3,27,850.97) | - | 3,27,850.97 | - |
| Allocation of Results to Endowment Fund | - | - | - | - | - | - |
| Allocation of Results to Capital Fund | - | - | - | - | - | - |
| Balance as at Shrawan 01, 2082 | (4,50,073.94) | 68,800.00 | 1,08,12,675.86 | 1,31,850.00 | - | 1,05,63,251.92 |


The Notes on Accounts form an integral part of the financial statements.

| Maya Nepali<br>Treasurer | Devi Poudel<br>Chair Person | Madhurani Dhakal<br>Executive Director | Jasmine Bhatta<br>Admin/Finance Officer | CA Chhabi Lal Acharya<br>C. Acharya & Associates<br>Chartered Accountants |
|---|---|---|---|---|

भाग-४

# सफलताको कथा



सीमान्तकृत महिलाहरुकालागिमहिला संस्था (वाम) २०५४ माघ २ गते स्थापनाभएको गैर-नाफामूलक संस्था हो । स्थापना उद्देश्य स्पष्ट थियो, 'समाजमा विद्यमान विकृति, विसंगति, लैङ्गिकविभेद, महिला हिंसा र कुसंस्कार विरुद्ध आवाज उठाउँदै पछाडि पारिएका महिलालाई सशक्त बनाउने र समानतामूलक समाज निर्माण गर्ने ।' '**पुरूषलाई पछि पार्ने होइन हाम्रो कामना, नारी पुरूष समविकास हाम्रो चाहना**' भन्ने मूल्य मान्यता सहित वामले निरन्तर अभियान चलाउँदै आएको छ । वामले झण्डै तीन दशकअघि देखि सामुदायिक परिवर्तनकालागि काम गर्दै आए पनि संस्थागत व्यवस्थापन, नीति निर्माण तथा भएका नितीहरुको समय सापेक्ष रुपमा परिमार्जन, दातृ साझेदारी विस्तार तथा संस्थागत रुपमा अभिलेख प्रणालीलाई अझ सुदृढ गर्न आवश्यक थियो । यही आवश्यकताकै बीचमा अक्सफाम नेपालले वामको संस्थागत व्यवस्थापन तथा सुधारकालागि PIF कार्यक्रम लागू गऱ्यो । यस कार्यक्रमले संस्थाको संरचना, प्रणाली र कार्यशैलीमा गुणात्मक परिवर्तन ल्यायो ।

परिणाम स्वरुप सीमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेतले पछिल्ला तीन वर्षमा संस्थागत सुधार, नेतृत्व विकास र लैङ्गिक समावेशीकरणको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। वामले सुरुवाती दिनदेखि नै लैङ्गिक विभेद, महिलामाथिको हिंसा र सामाजिक कुसंस्कार विरुद्ध आवाज उठाउँदै आएको थियो। महिला तथा सिमान्तकृत वर्गलाई सशक्त बनाउने उद्देश्य सहित स्थापित यो संस्था अहिले सुशासन, पारदर्शिता र ज्ञानमा-आधारित कामको प्रतिष्ठित केन्द्रका रूपमा विकसित हुँदै गएको छ। यस परिवर्तनको केन्द्रमा रहेको छ, संस्थामा लागू गरिएको PIF कार्यक्रम जुन कार्यक्रम वाम सुर्खेतकालागि कोशेढुंगा सावितभएको छ।



कार्यक्रम लागू भएपछि वामले आफ्नो संरचना र कार्यशैलीमा व्यापक परिवर्तन ल्यायो। कागजी अभिलेखमा निर्भर संस्थाअहिले आधुनिक डिजिटल व्यवस्थापनमा अघि बढेको छ। आधिकारिक वेबसाइट, एउटै ढाँचामा संस्थागत इमेल, व्यवस्थित अभिलेख व्यवस्थापन र वैकल्पिक विद्युत प्रणाली जडानपछि वामको दैनिक कार्य सञ्चालनमा थप सहजता भएको छ। वामका दस्तावेजहरू सुरक्षितमात्र नभई अभिलेख हेर्न र जानकारी साझागर्न पनि सरल भएको छ। परिवर्तनले दातृ संस्थाको विश्वास समेत बढाएको छ।




संस्थागत स्पष्टता र दीर्घदृष्टिका लागि वामले पाँचवर्षे रणनीतिक योजना तयार गरेको छ भने सोही अनुरुप आफना वार्षिक योजनाहरु लाई समेत सोही अनुरुप कार्यान्वयन गर्दै आईरहेको छ। आर्थिक, मानव संशाधन, खरिद, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, सेफगार्डिङ, लैङ्गिक हिंसा तथा यौनजन्य शोषण विरुद्धका नीति, अनुगमन तथा मुल्यांकन नीति, गाइडलाइन सहित महत्वपूर्ण नीति र निर्देशिका अद्यावधिक र निर्माण भएका छन्। यसले संस्थाभित्र निर्णय, कार्यक्रम सञ्चालन र स्रोत व्यवस्थापनमा एकरूपता मात्रै ल्याएको छैन, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र पारदर्शिता तथा सुशासनको संस्कारलाई स्थापित गरेको छ।

वामले आफूलाई लैङ्गिक स्रोत संस्थाका रूपमा विकसित गर्ने लक्ष्यसहित २०२३ मा पुस्तकालय स्थापना गऱ्यो। यस ऐतिहासिक अभिलेख, अध्ययन सामग्री र डिजिटल बोर्डमार्फत ज्ञान पहुँचलाई आधुनिक बनाउँदै वामले ज्ञान व्यवस्थापनको नयाँ अभ्यासको सुरुआत गरेको छ। कर्णाली प्रदेशमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणको अवस्था माथि विस्तृत सर्वेक्षण गरी सर्वेक्षण प्रतिवेदन तथ्यांक सहित सार्वजनिक गर्नु वामको अनुसन्धान क्षमताको उदाहरण हो। यसैसँग प्रकाशित 'लैङ्गिक स्रोत पुस्तकले संस्थालाई नीति तथा वकालतको आधारभूत स्रोतको रूपमा उभ्याएको छ। साथै संस्था ज्ञान व्यवस्थापनमा पनि दरिलो स्थानमा उभिन पुगेको छ।

संस्थागत क्षमता सुदृढीकरणका क्रममा कार्यसमिति सदस्यदेखि साधारण सदस्य र कर्मचारी सम्मलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरणमा प्रशिक्षक प्रशिक्षण, नेतृत्व तथा व्यवस्थापन तालिम प्रदान गरिएको छ। परिणाम स्वरूप वामभित्र नेतृत्व भूमिका मा महिलाको सहभागिता अझै बढेको छ। स्थानीयतहका उद्यमीलाई समावेश गर्दै स्थानीय तहको योजना निर्माण प्रक्रिया र जेड्सी प्रशिक्षणले बुझाइमा एकरुपता र निर्णय प्रक्रियामा आत्मविश्वास बढाएको छ।

हाल परिवर्तनको असर स्पष्ट रुपमा देख्न देखिन्छ। प्रस्ताव लेखन, परियोजना व्यवस्थापन र विकास साझेदारहरु सँगको समन्वयमा सहजता भएकोले प्रस्ताव लेखन र सुचना आदान प्रदानमा समेत सहज भएको छ। कामको निरन्तरता कायम छ, सेवाप्रवाह द्रुत र प्रभावकारी बनेको छ। संस्थाले कार्यक्रम मात्रहोइन, नीति, अनुसन्धान, वकालत र ज्ञान उत्पादन मार्फत कर्णालीमा लैङ्गिक न्यायको नेतृत्व लिन थालेको छ।

स्थापनाकालदेखि समाज परिवर्तनकालागि प्रतिबद्ध वाम आज आधुनिक शैलीतर्फ उन्मुख हुँदैछ सुशासित प्रशासन, पारदर्शी स्रोत व्यवस्थापन, सशक्त नेतृत्व र अनुसन्धान क्षमता सहित नयाँ उचाइमा उभिएको छ। समुदायका सिमान्तकृत महिलादेखि नीति निर्माण तहसम्म, वामले सबै तहमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण र अधिकार प्रवर्द्धनको दिशामा दृढ कदम अघि बढाएको छ। यही यात्राको मूलसार हो–संस्थागतमजबुती, समुदायप्रतिको प्रतिबद्धता र समानताको लक्ष्यतर्फको दृढ अभियान।



# आफ्नो व्यवसायमा रमाएका प्रेम बहादुर



**दै**लेख जिल्ला डुङ्गेश्वर गाउँपालिका वडा नं ६ बस्दै आएका ३० बर्षीय प्रेम बहादुर वि क हाल हेयर कटिङ्ग सैलुन व्यवसाय सञ्चालन सञ्चालन गरिरहेका छन। उनको घरमा ८ जनाको परिवार रहेको छ। सामान्य अवस्थाको दलित परिवारमा जन्मएका प्रेम बहादुर निकै कडा मेहनति र एक संघर्षशिल व्यक्ति हुन उनी लगनशील र इमान्दार पनि उत्तिकै छन । घरको कमजोर आर्थिक अवस्थाका कारण १० कक्षासम्म पास गरेका उनले त्यो भन्दा माथि पढ्न सकेनन । ठूलो परिवार त्यसमा पनि घरको माइलो छोरो आमा बुवाको सामान्य परिवेश भएकाले प्रेमले भाइबहिनीको पढाई घर खर्च जुटाउनु पर्ने अवस्थामा प्रेम बहादुर पुगे । उनले जागिर खानका लागि पटक पटक इन्डियन आर्मीमा निकै प्रयास गरे तर सफल हुन सकेनन। परिवारमा सदस्य संख्या धेरै भएका कारण बिहान बेलुकाको छाक टार्न प्रेमको परिवारलाई निकै हम्य हम्य परेको थियो ।

पढाइलाई निरन्तरता दिन नसकेपछि इन्डियन आर्मी जागीर खाने सपना बोकेर बसेका प्रेमलाई त्यो ठाउँमा पुग्न भने सहज थिएन। परिवारको आर्थिक अवस्था भनभन नाजुक हुँदै गयो घर खर्च टार्न निकै समस्या हुन थाल्यो । त्यस त्यस पछि उनले विदेश जाने योजना बनाए र जसोतसो विदेश पनि गए र दुखसुख गरेर ३ वर्ष विदेशमा बिताए। त्यस पछि उनी स्वदेश फर्किए र उनले धेरै कुरा सोचे र विदेशमा यतिका दुख गर्नु भन्दा गाउँमै केहि गर्नु पर्छ भन्ने सोच आयो र भर फर्केको केहि समयपछि युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा र सिमान्तकृत महिलाहरुका लागि महिला संस्था वाम ले संचालन गरेको युथ लिड जेसी परियफजना अन्तर्गत ३ महिने वित्तिय साक्षरता कक्षा सम्बन्धि प्रेम बहादुरलाई पनि जानकारी भयो र उनी ३ महिना सम्म नियमित रुपमा वित्तिय कक्षामा सक्रिय भएर सहभागि भए र अरु साथीहरुलाई पनि नियमित रुपमा सहभागि हुन आग्रह गरे । वित्तिय साक्षरता कक्षामा उनले जिवन जिउने विभवन्न विषयमा लैङ्गिक हिंसा न्यनिकरणका उपायहरु लागु पदार्थ दुर्व्यसनी तथा अन्य जीवनोपयोगी विषयहरुमा जानकारी प्राप्त भयो ।

कक्षामा छलफल हुने विषयले आफूलाई धेरै कुरामा सहयोग भएको र अबका दिनमा केहि गर्ने आँट आयो र उनले डुङ्गेश्वर गाउँपालिका-६ डुङ्गेश्वर बजारमा हेयर कटिङ्ग सैलुन व्यवसाय सुरु गरे । अहिले उनले आफ्नो व्यवसायबाट सन्तोसजनक आम्दानी गरेका छन र घर खर्च चलाउन सहज भएको छ । उनी थप्छन 'अब यो व्यवसाय छोडेर लाहुरे हुने र विदेश जाने इच्छा विस्तारै मर्दै गयो, अहिले म जस्ता अरु युवाहरुलाई पनि गाउँमै बसेर केहि पेशा व्यवसाय गर्न सल्लाह दिइरहेको छु।'

अन्त्यमा मलाई धेरै कुरामा आत्मविश्वासी बनाई यो अवस्थासम्म आउन सक्षम बन्न सहयोग गर्ने युरोपियन युनियन र अक्सफाम तथा वाम संस्था प्रति हारदिक आभार व्यक्त गर्दछु।

**धन्यवाद ॥**

# कुखुरा व्यवसायमा रमाएकी जयन्ती



बैतडी जिल्ला पाटन नगरपालिका वडा नम्बर ४ मा बस्दै आएकी ३३ बर्षीय जयन्ती महरा हाल कुखुरा पालन व्यवसायमा ब्यस्त छिन । जयल्ती महरा को ५ जनाको परिवारमा छ । सामान्य परिवारमा जन्मिएकी जयन्ती निकै कडा मेहनती र सघर्षशील महिला हुन । उनी लगनशील इमान्दार र निडर स्वभाव की उनी समुदायमा एक उदारणीय व्यवसायिका रूपमा कहलिएकी छन ।

उनले आफ्नो व्सायबाट आएको कमाईबाट बाल बच्चाको पढाई लगायत परिवारको सम्पुर्ण खर्च चलएकी छिन । उनी निरक्षर हुन उनले बिहे अघि आफ्नो माइतीमा पनि पढ्ने अवसर पाईनन किनकि उनको माईती घरको पनि आर्थिक अवस्था कमजोर थियो । उनले सानै उमेरमा बिवाह गरेकि थिइन । उनका श्रीमान रोजगारीका लागी भारतमा जान्छन । त्यही खर्चले उनले घर व्यवहार चलाउने गरेकि थिइन । उनी गाउँ समाजमा हुने तालिम गोष्ठिहरूमा जाने गर्थिन र त्यसपछि उनलाई थाहा भयो कि आर्थिक समस्या समाधान का लागि व्यापार व्यवसाय गर्नु पर्दो रहेछ भन्ने कुरा । त्यसपछि उनले व्यवसाय गर्ने र श्रीमानलाइ भारत बाट बोलाएर नेपालमै बस्ने योजना बनाइन श्रीमानलाई प्रस्ताव गरिन ।

उनले पहिला सुरूमा २ वटा लोकल कुखुरा किनेर व्यवसाय सुरू गरिन । बिस्तारै कुखुराहरू बढाएर सामान्य खालको खोर निर्माण गरेर सामान्य किसिमको व्यवसाय गर्दै आईरहेकी थिइन। यसै क्रममा उनले युरोपियन युनियन र अक्सफामको आर्थिक ससहयोगमा र सिमान्तकृत महिलाहरूका लागि महिला संस्था वामको आयोजनामा वित्तिय साक्षरता कक्षा संचालन भएको जानकारी पाइन र उनी त्यो कक्षामा निरन्तर सहभागि भइन र उनले तालिममा धेरै कुरा जान्ने मौका पाइन। यसै बिचमा वामले व्यवससाय गर्न चाहनेहरूका लागि आर्थिक सहयोग गर्ने गरी सुचना खोलेको जानकारी पाइन र उनले पनि आवेदन दिइन। उनको आवेदन स्वीकृत भएर उने पहिलो किस्ता २ लाख ५० हजार पाइन। त्यसपछि उनले कुखुराको लागि ठुलो र आधुनिक खालको खोर निर्माण गरिन र पहिलो लटमा ६०० वटा कुखुरा हालिन र त्यसबाट उनले ७ क्वीन्टल कुखुरा बेचिन त्यसबाट उनलाइ राम्रो फाइदा भयो। उनले अहिले कुखुरा पालन संगसँगै मासु पसल पनि खोलेकी छन हाल उनका श्रीमान भारत जान छोडेर गाउँमै आफ्नै व्यवसायमा व्यस्त छन। उनले व्यवसायबाट आएको आम्दानी नियमित रूपमा बैंकमा जम्मा गर्ने गरेकी छन । अहिले उनी गाउँ समाजमा अरूलाइ पनि व्यवसायमा लाग्न प्रेरित गरिरहेकी छन। 'यो अवस्थामा पुग्न सक्षम बनाउने सहयोग गर्ने साथ र सर्पोट गर्ने युरोपियन युनियन अक्सफाम र सिमान्तकृत महिलाहरूका लागि महिला संस्था वाम प्रति हार्दिक आभार व्यक्त गर्दछु,' उनले भनिन् ।

# आफ्नो व्यवसायमा सक्रिय उद्यमीहरू



दैलेख जिल्ला डुङ्गेश्वर गाउँपालिका वडा नम्बर ६ वइरीका निर्मला आले मगर जमुना बुढा दिपा थापा मगर सहित ३ जना महिला उद्दमीहरु आफ्नो बेत बाँस सामाग्री निर्माण व्यवसायमा सक्रिय रहेका छन ।

यो भन्दा पहिले उनीहरु सामन्य जीवनयापन गरिरहेका थिए । उनीहरुलाई व्यवसाय कसरी गर्नु पर्छ भन्ने कुराको कुनै जानकारी थियन । घरको चुलो चौकोमा मात्र सिमित उनीहरु सानो उमेरमा विवाह गरि घर व्यवहारको जिम्मेवारी समाल्दै आएका थिय । परिवारमा सदस्यहरु धेरै भएका कारण विहान बेलुकाको छाक टार्न पनि मुस्किल थियो । घरको जिम्मेवारी र कमजोर आर्थिक अवस्थाका कारण उनीहरुले आफ्नो पढाइलाई भने निरन्तरता दिन सकेनन ।

उनीहरले पढाइलाई निरन्तरता दिन नसकेपछि आर्थिक उन्नतिका लागी केहि न केहि पेशा व्यवसाय सञ्चालन गर्ने सोचिरहेका थिय । यसै क्रममा युरोपियन युनियन र अक्सफामको आर्थिक सहयोगमा सिमान्तकृत महिलाहरुका लागि महिला संस्था वाम ले सञ्चालन गरेको युथ लिड जेसी परियोजना अन्तर्गत ३ महिने वित्तिय साक्षरता कक्षा सञ्चालन गर्दैछ भन्ने कुरा दिपा थापा मगरलाई थाहा भयो र उनले अरु साथीहरुलाई सुनाईन



र सबैजना त्यो कक्षामा सहभागि हुने निर्णय गरे र निरन्तर रुपमा ३ महिना सम्म सक्रिय भएर कक्षामा सहभागि भए । वित्तिय साक्षरता कक्षामा उनीहरुले विभिन्न विषयहरु कसरी सरल जीवन जीउने  लैंगिक हिंसा र लैंगिक हिंसा समाधानका उपायहरु व्यवसाय के हो ।

कसरी सञ्चालन गर्ने आर्थिक स्रोत कसरी जुटाउने लगायतका बारेमा जान्ने मौका पाए । त्यसपछि उनीहरुमा व्यवसाय गर्नु पर्छ भन्ने आँट आयो र उनीहरुले गाउँपालिकाको उद्दम विकास शाखाको सहयोगमा मुडा बुन्ने  तालिम लिए उनीहरुमा अझ थप क्षमता अभिवृद्बि भयो । त्यपछि उनीहरु व्यवसाय सुरु गर्नका लागि आर्थिक सहयो गको खोजीमा थिए । त्यहि बेला वाम संस्थाले तेस्रो पक्षीय वित्तिय सहयोग कार्यक्रम मार्फत विभिन्न व्यवसाय सञ्चालनका लागि दरखास्त आव्हान गर्यो ।

उनिहरुले पनि बाँसका सामाग्री निर्माण व्यवसायका लागी दरखास्त हाले र उनीहरुको व्यवसाय छनौटमा पर्यो । उनीहरुले सहयोग मार्फत ४ लाख रुपयाँ पाए त्यो रकमले उनीहरुले व्यवसाय सञ्चालनका लागी आवश्यक मेशिनशरु धागो बाँस जस्ता सामाग्रीहरु खरिद गरे । त्यसपछि उहाँहरमा झनै चुनौति थपियो अब व्यवसाय त सुरु गर्ने भइयो उत्पादन भएका वस्तुहरु कसरी बिक्रि वितरण गर्ने भन्ने । निरन्तर रुपमा आफ्नो काममा लागेपछि र मेहनत गरेपछि चुनौतिलाई सामना गर्न सकिन्छ भन्ने कुरा उहाँहरुलाई लाग्छ । अहिले उहाँहरुले उत्पादन गरेका सामाग्रीहरु पुर्याउन मुस्किल परेको छ ।

वाम संस्थाका कर्मचारीहरुको निरन्तरको सहजीकरण सल्लाह सुझावका कारण काम गर्न र पालिका लगायतका अन्य निकायमा समन्वय गर्न सजिलो भएको छ । गाउँमा बाँसको कमि भएकाले माग अनुसार उत्पादन दिन नसकिएको कुरा बताउनु हुन्छ । त्यसैले अहले उनीहरुले आफ्नै बारीमा बाँसका बिरुवा रोपेका छन । उनीहरुले व्यवसाय दर्ता पनि गरेका छन । उनीहरुले अहिले सम्म खुद आम्दानी ४० हजार कमाएका छन । त्यो फाइदा भएको रकम उनीहरुले सामुहिक रुपमा सानीमा बैंकमा संयुक्त खाता खोलेका छन त्यसमै जम्मा गर्ने गरेका छन । उहाँहरु भन्नुहुन्छ ‘अहिले हामी जस्ता अन्य महिलनहरुलाई पनि व्यवसाय सञ्चालन कसरी गर्ने भन्ने विषयमा र आर्थिक अवस्था कमजोर भएका युवा तथा महिलाहरुलाई ज्ञान सिप बाँडिरहेका छौं ।’

साथै हामीलाई धेरै कुरामा आत्मविश्वास बनाइ यो अवस्थामा आउन सक्षम बनाउन सहयोग गर्ने युरोपियन युनियन र अक्सफाम साथै निरन्तर रुपमा सहजीकरण गरी सहयोग गर्ने वाम संस्था प्रति आभार व्यक्त गर्दछु र आगामी दिनमा पनि साथ र सहयोगको अपेक्षा सहित धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ॥

भाग-५

# तस्बिरहरू








**युवा नेतृत्वको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परियोजनामार्फत सञ्चालित क्रियाकलापका तस्विरहरु ।**





**युवा नेतृत्वको लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परियोजनामार्फत सञ्चालित क्रियाकलापका तस्विरहरु ।**

# तस्बीरमा सामाजिक सुरक्षा जालो परियोजना





सामाजिक सुरक्षा जालो कार्यक्रम अर्न्तगत सुर्खेतको वीरेन्द्रनगर नगरपालिका र बराहताल गाउँपालिकामा सञ्चालित क्रियाकलापको तस्विरहरु ।









www.dhamakadaily.com — बिहीबार, २९ फागुन २०८१ | ३

## हिंसा पीडित र विपद् प्रभावित महिलालाई आयआर्जन सहयोग

[illegible]



# टिप्पणी तथा सुझावका लागि

# टिप्पणी तथा सुझावका लागि

# टिप्पणी तथा सुझावका लागि




**सिमान्तकृत महिलाहरुका लागि महिला संस्था (वाम) सुर्खेत**
**केन्द्रिय कार्यालय** : वीरेन्द्रनगर-८ आवास क्षेत्र, सुर्खेत
०८३-५२२४३७
info@wam.org.np/wam.skt@gmail.com
www.wam.org.np